का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ असार २०८२,
मंगलबार
15 July, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक १६३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# कहाँ चुक्यो सरकार ?



"यो एक वर्षमा ओरालो यात्रा रोकिएको छ र सुधारका स्पष्ट परिणाम देखिँदै छन्

■ **शंकर पोखरेल**
**महासचिव, नेकपा (एमाले)**



"सरकारको कार्यशैलीबाट कांग्रेसलाई केही ठाउँमा असहजता महसुस भएको छ ।

■ **प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**



"सरकार सामान्य काममै अल्भियो । जनताले सकारात्मक अनुभूति गर्न सक्ने काम भएको छैन

■ **पम्फा भुसाल**
**उपाध्यक्ष, माओवादी केन्द्र**



"दुई ठूला दलबीच सरकारमा सहकार्य र बाहिर प्रतिस्पर्धा रहेकाले चुनौती छ । सरकार सामान्य अवस्थाबाट माथि उठ्न सकेको छैन

■ **झलक सुवेदी**
**राजनीतिक विश्लेषक**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३० असार ।

आफ्नो नेतृत्वमा नेपाली कांग्रेससम्मिलित सरकार बनेको एक वर्ष पुगेको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार सरकार सहि दिशामा गइरहेको दाबी गरे । सामाजिक सञ्जाल फेसबुकमार्फत् आफ्नो धारणा सार्वजनिक गर्दै प्रधानमन्त्री ओलीले राष्ट्रिय महत्वका विकास आयोजना तीव्र गतिमा अघि बढिरहेको पनि दाबी गरे ।

राजनीतिक स्थायित्वका निम्ति भनेर कांग्रेस-एमाले मिल्दा पनि वर्तमान सरकारले ढुक्कले काम गर्न सकेको भने देखिएन । प्रधानमन्त्री ओलीको मुख्य भाषण नै 'सरकार ढल्दैन' >>> पृष्ठ २ मा

### अलपत्र ७ बुँदे

कांग्रेस र एमालेले सरकार गठनको सहमति गर्दा राजनीतिक स्थिरता कायम गर्ने, संविधान संशोधन गर्ने, आमनागरिकलाई सुशासनसहितको सेवा प्रवाह गर्ने प्रतिबद्धतासहित ७ बुँदे सहमति गरेका थिए । तर दुई दलले >>> पृष्ठ २ मा

### कमजोर अर्थतन्त्र

कांग्रेस र एमालेले सरकार गठन गर्दा देशको आर्थिक अवस्था सुधार गर्ने प्रतिबद्धता जनाएका थिए । सरकार गठनको एक वर्षमा अर्थतन्त्र सुधारकै लागि भन्दै केही नीतिगत परिवर्तनका प्रयासहरु भए । तथ्यांकमा आर्थिक >>> पृष्ठ २ मा

### निष्क्रिय कार्यदल

सरकारलाई सघाउन भन्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगसहित कानुन निर्माणमा देखिएको अप्ठारालाई फुकाउन समेत कार्यदल गठन गरेर सरकारले काम गर्न खोजेको थियो । तर त्यसको नतिजा >>> पृष्ठ २ मा

रास्वपा हस्ताक्षर अभियान

## २१ लाख हस्ताक्षर, ४५ लाख चन्दा संकलन

# पारदर्शिता र सदुपयोगमाथि प्रश्न

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३० असार ।

विभिन्न ५ सहकारीबाट बचतकर्ताको करोडौं रकम ठगी गरेको अभियोगमा अदालतको आदेशअनुसार पूर्पक्षका लागि थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवी लामिछानेको पक्षमा करिब २१ लाख हस्ताक्षर संकलन भएको छ । पार्टीको तेस्रो स्थापना दिवसको अवसरमा ७ असारमा माइतीघर मण्डलाबाट सुरु भएको अभियानमा देशव्यापी चलिरहेको छ ।




थुनामा रहेका लामिछानेले जारी गरेको अपिल बोकेर रास्वपाका नेता कार्यकर्ताहरू हस्ताक्षरसँगै चन्दा संकलन अभियानमा पनि उत्रिएका छन् । सोमबारसम्म २१ लाख हस्ताक्षर संकलन हुँदा यो अवधिमा कम्तीमा ४५ लाख रुपैयाँ चन्दासमेत संकलन भएको रास्वपा श्रोतको भनाइ छ । यद्यपी रास्वपाले हस्ताक्षर संकलनलाई खुलेर सार्वजनिक गर्दा चन्दा संकलनको विषयमा भने मौन छ ।

लामिछानेविरुद्ध राज्यले राजनीतिक प्रतिशोध साँधेर जेल पुर्‍याएको भन्दै पार्टीले उक्त प्रतिशोधलाई काउण्टर दिन हस्ताक्षर संकलन गरेको जनाएको छ । हस्ताक्षर अभियान र रविको अपिल जनतामाझ पर्‍याउन भन्दै आर्थिक सहयोग उठाइरहँदा यसको पारदर्शिताको प्रश्नले रास्वपालाई घेरेको छ । सार्वजनिक रूपमै क्युआर पठाएर गरिएको चन्दा संकलन पारदर्शी नभए रास्वपाले भविष्यमा ठूलै मुल्य चुकाउनुपर्ने विश्लेषकहरूको भनाइ छ ।

'यसको आवश्यकता, औचित्यता र पारदर्शिताको विषयमाथि प्रश्नहरू उठेका छन्', विश्लेषक विष्णु पन्थीले मध्यान्हसँग भने 'हस्ताक्षर संकलनपश्चात् यसको दुरुपयोग हुनसक्ने विषयमासमेत गम्भीर प्रश्न उठ्न सक्छ । यो दुवै विषयमा रास्ववपाका >>> पृष्ठ २ मा

# 'घुस काण्ड'का मन्त्री जोगाइँदै



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार ।

घुस काण्डमा मुछिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई प्रधानमन्त्री केपी शर्मा ओलीकै आडमा बचाउने प्रयास भएको छ ।

मन्त्री गुप्ताले कर्मचारी सरुवा तथा भूमि आयोग पदाधिकारी नियुक्तिमा २५ लाख रुपैयाँ घुस मागेको अडियो सार्वजनिक भएको ४ दिन बितिसक्दा समेत प्रधानमन्त्री ओली मौन छन् । यति मात्रै होइन, सरकार गठनको १ वर्षको समीक्षा र पछिल्लो पटक मन्त्रीहरूमाथि उठेका प्रश्नको सवालमा छलफल गर्न प्रधानमन्त्री ओलीले बालुवाटारमा सोमबार साँझ बोलाएको मन्त्रीपरिषद्को बैठकसमेत मन्त्री गुप्ता सहभागि थिए । प्रतिपक्षी दलका नेताहरू र सत्ताकै प्रमुख सहयात्री दल नेपाली कांग्रेसका सांसदहरूले मन्त्री गुप्तालाई बर्खास्त गरी आवश्यक कारबाही गर्नुपर्ने माग गरेका छन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले घुस काण्डमा मुछिएका मन्त्री गुप्तालाई तत्काल बर्खास्त गर्न प्रधानमन्त्री ओलीको >>> पृष्ठ २ मा

## बीमा प्राधिकरणका अध्यक्ष ओझा निलम्बित



**काठमाडौं/मस**-नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझा निलम्बनमा परेका छन् ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उनको कार्यसम्पादनबारे छानबिन गर्न न्यायिक समिति गठन गरेसँगै ओझा स्वतः निलम्बनमा परेका हुन् ।

बैठकले पूर्वन्यायाधीश कृष्ण गिरीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको छ । समितिका अन्य दुई जना सदस्यमा कपिलदेव ओली र जीवनप्रकाश सिटौला छन् । ओझामाथि नक्कली कागजपत्र पेस गरेर नियुक्ति लिएको आरोपमा छानबिन हुनेछ ।

बीमा ऐन २०७९ को दफा १२ को उपदफा ३ मा अध्यक्ष वा सदस्यको हकमा छानबिन समिति गठन भएमा स्वतः निलम्बन हुने व्यवस्था छ । सरकारले गत फागुन १२ गते >>> पृष्ठ २ मा

# एआईबाट अपराध गरे साइबर कसुरमा मुद्दा

सरकारले एआईबाट अपराध हुन सक्ने परिकल्पना गरेर प्रचलित ऐन संशोधन गर्न संसदमा लगेको विधेयक प्रक्रियामा अघि बढेको छ । विधेयक ऐनमा रुपान्तरित भए एआईबाट अपराध गरे साइबर कसुरमा मुद्दा चल्नेछ ।

### के गरे कति सजाय ?

- मुलुकको साइबर सुरक्षा अवरोध गरे ५ वर्षसम्म कैद वा १० लाखसम्म जरिवाना वा दुवै सजाय
- संवेदनशील वित्तीय सूचना लिए ३ वर्षसम्म कैद वा ५ लाखसम्म जरिवाना वा दुवै सजाय
- कम्प्युटरको स्रोत संकेत चोरे ३ वर्षसम्म कैद वा ५ लाखसम्म जरिवाना वा दुवै सजाय
- नक्कली लिङ्कमार्फत युजर एकाउन्ट, पासवर्ड, पिनकोड, प्याटर्न चोरे २ वर्षसम्म कैद वा २ लाखसम्म जरिवाना वा दुवै सजाय ।
- अश्लिल सामग्री उत्पादन र प्रकाशन गरे २ वर्षसम्म कैद वा दुईलाखसम्म जरिबाना वा दुवै सजाय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० असार ।

कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) एआईबाट अपराध गरे साइबर कसुरमा मुद्दा लाग्ने भएको छ । सरकारले एआईबाट अपराध हुन सक्ने परिकल्पना गरेर प्रचलित ऐन संशोधन गर्न संसदमा लगेको >>> पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

## सयको प्रावधान हटाएकोमा संघद्वारा मन्त्री भण्डारीप्रति आभार



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार ऐनबाट संख्या सय खारेज गरेकोमा बधाई तथा धन्यवाद दिँदै वैदेशिक रोजगार क्षेत्रमा रहेका अन्य समस्या पनि समाधानका लागि यथाशीघ्र पहल गरिदिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई आग्रह गरेको छ ।

वरिष्ठ वैदेशिक रोजगार व्यवसायीहरूसहित सोमबार संघका अध्यक्ष भुवनसिंह गुरुङको नेतृत्वमा श्रम मन्त्रालय गएको संघको प्रतिनिधिमण्डलले उक्त आग्रह गरेको हो ।

राष्ट्रिय सभाले सन्देशसहित पठाएको केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकलाई प्रतिनिधि सभाले आइतबार सर्वसम्मतिले पारित गरेको थियो। संघीय संसद्का >>> पृष्ठ २ मा

## श्रममन्त्री भण्डारी र यूएईका राजदूतबीच भेटवार्ता

**काठमाडौं/रासस**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र नेपालका लागि संयुक्त अरब इमिरेट्स (यूएई) का राजदूत अब्दुल्ला सइद मुबारक जरवान अलशाम्सीबीच भेटवार्ता भएको छ ।

सोमबार भएको उक्त भेटवार्तामा उनीहरुबीच यूएईमा कार्यरत नेपाली कामदारका लागि न्यूनतम एक हजार दिराम तलब अनिवार्य रूपमा लागू गर्ने विषयमा छलफल भएको मन्त्री भण्डारीको निजी सचिवालयले जानकारी दिएको छ ।

मन्त्री भण्डारीले विगत लामो समयदेखि नेपाली श्रमिकहरू अत्यन्तै न्यून पारिश्रमिकमा काम गर्न बाध्य भएको >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
३१ असार २०८२ मंगलबार
15 July 2025,Tuesday

# विजयनगरका २८९ कृषकलाई कृषि उपकरण

**धर्मेन्द्र कुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, ३० असार

कपिलवस्तुको विजयनगर गाउँपालिकाले कृषकको उत्पादन वृद्धि र आयस्तर उकास्ने उद्देश्यसहित २८९ जना किसानलाई कृषि उपकरण वितरण गरेको छ।

गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा आधुनिक प्रविधियुक्त उपकरण वितरण गरेको हो। कृषकलाई आधुनिक कृषि प्रणालीमा प्रोत्साहित गर्दै समय, श्रम र लागतमा बचत हुने लक्ष्य लिइएको गाउँपालिकाले जनाएको छ।



कृषि विकास शाखाका प्रमुख रामसुन्दर मालीका अनुसार दुई कट्ठा भन्दा बढी क्षेत्रमा व्यावसायिक रूपमा मकै र तरकारी खेती गर्ने किसानलाई उपकरण प्रदान गरिएको हो।

जीटुजी कार्यक्रम अन्तर्गत ९ जना कृषकलाई मिनि टिलर, ४ जनालाई झार फाल्ने मेसिन, ३६ जनालाई पम्पसेट, १२५ जनालाई पानी तान्ने मोटर तथा १२५ जनालाई १३ क्विन्टल ३० किलो डेलिभरी पाइप वितरण गरिएको उनले जानकारी दिए।

कार्यक्रममा गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले अमेरिकी सहयोग नियोग युएसएआईडीमार्फत सञ्चालित जीटुजी कार्यक्रम अन्तर्गत वितरण गरिएको उपकरणले कृषकको उत्पादन क्षमतामा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गरे। तर, उनले जीटुजी कार्यक्रम खारेज भएपछि योजनाहरू प्रभावित भएको भन्दै चिन्ता पनि व्यक्त गरे। 'हामीले पाँच वर्षसम्म हरेक किसानको घरमा उपकरण पुऱ्याउने योजना बनाएका थियौं, तर कार्यक्रम नै बन्द भएपछि त्यो सपना अधुरो रह्यो,' अध्यक्ष थापाले भने।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले प्राप्त उपकरणको सदुपयोग गर्न कृषकलाई आग्रह गरे। 'समय, श्रम र लागत बचतसँगै उत्पादनमा वृद्धि गर्न यस्ता उपकरणले महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्,' उनले भने। गाउँपालिकाले जीटुजी कार्यक्रम अन्तर्गत सात वडालाई फरक-फरक बालीको पकेट क्षेत्रका रूपमा विकास गर्ने योजना अघि सारेको थियो। तर, कार्यक्रम खारेज भएपछि ती योजनाहरू हाललाई रोकिएका छन्। गाउँपालिकाले भने अन्य वैकल्पिक कार्यक्रममार्फत कृषिमा सहयोग जारी राख्ने बताएको छ।

## कहाँ...

भन्नेमा बित्यो। फेसबुकमा प्रधानमन्त्रीले लेखे, 'सरकार गठन भएको एक वर्षमा मुलुकका आर्थिक सूचकहरू सकारात्मक दिशातर्फ अघि बढेको छ।'

'हामी सरकारमा आएको एक वर्ष पुग्दैछ। यस बीचमा मुलुकको आर्थिक सूचकांकहरू सकारात्मक देखिएका छन् भने विकासका राष्ट्रिय आयोजनाहरूको कामले गति लिएको छ,' प्रधानमन्त्री ओलीले लेखे।

प्रधामनन्त्रीका अनुसार गर्नुपर्ने धेरै कामहरू छन् र सरकारको ध्यान त्यसैमा केन्द्रित छ। तर प्रधानमन्त्रीले दाबी गरेअनुसारको केही नभएको तथ्यांकहरूले देखाउँछ।

### बाचामै सीमित बाचा

गत वर्ष असार २९ गते कांग्रेसको सहयोगमा एमाले अध्यक्ष ओलीको नेतृत्वमा वर्तमान सरकार बनेको हो।

राजनीतिक स्थिरता, संविधान संशोधन र सुशासनसहित नागरिकलाई सेवा प्रवाहको प्रत्याभूति दिने बाचासहित नेपाली कांग्रेसलाई साथमा लिएर ओली प्रधानमन्त्री बने। संसद्का दुई ठूला दलले ७ बुँदे सहमति गरेरै सरकार गठन गरेको एक वर्ष पूरा हुँदा पनि उनीहरूका बाचा भने बाचामै सीमित छ।

जे उद्देश्यका लागि सरकार बनेको हो के त्यसरी काम भएको छ ? भन्ने प्रश्न सत्तापक्ष र प्रतिपक्षबाट उठेको छ।

भ्रष्टाचार न्यूनीकरण हुनु साटो नयाँ नयाँ प्रकरण बाहिरिइरहेका छन्। भ्रष्टाचार न्यूनीकरण हुनु साटो प्रधानमन्त्रीको क्याबिनेटमा रहेका मन्त्रीहरूको नयाँ नयाँ काण्ड बाहिरिरहेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको ७८ लाख रुपैयाँको घुस काण्ड बाहिरिएको छ।

सरकारका मन्त्रीहरू एक वर्षको अवधिमा चाहेजस्तो काम गर्न नसको र नागरिकलाई आशा देखाउने काम पनि गर्न सकेका छैनन्।

ओली नेतृत्वको सरकारसँग संसद्मा झन्डै दुईतिहाइ बहुमत छ। काम गर्न कुनै अप्ठ्यारो छैन। तर मन्त्रीहरू नै नागरिकले चाहेजस्तो काम गर्न नसकेको बताइरहेका छन्। सत्तारुढ दलका नेताहरू पनि सरकारको काममा पूर्ण सन्तुष्ट छैनन्।

कांग्रेसका महामन्त्री गगन थापाले त बिचौलियाहरू प्रधानमन्त्रीको बेडसम्मै पुग्ने गरेको आरोप लगाएका थिए। सुशासनको रटान गर्ने प्रधानमन्त्री ओली क्याबिनेटका मन्त्रीहरूको सम्पति विवरण सार्वजनिक गर्नुको साटो एक वर्षसम्म गोप्य रहेको छ।

सोमबार प्रतिनिधिसभामा सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार जहाँ जहाँ छ त्यहाँ भ्रष्टाचार भनेजस्तो भएको आरोप लगाए।

प्रधानमन्त्रीलाई संकेत गर्दै प्रचण्डले भने, 'तपाईंका मन्त्रीहरू खुल्लमखुल्ला लाखौंको डिल गरिरहेका छन्, प्रधानमन्त्रीज्यू, चित्रगुप्तलाई बयान कहाँ गएर दिने हो ?'

### हरायो संविधान संशोधनको विषय

सरकार गठन हुँदा प्राथमिकताका साथ उठाइएको संविधान संशोधनको मुद्दा समेत ओझेल पर्दै गएको छ। प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा राष्ट्रिय सभामा बहुमत नभएको भन्दै पन्छिँदै आएका छन्। यो विषय अहिले प्रमुख दुई दलको प्राथमिकतामा नै नपरेको देखिएको छ।

'राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखा परेका सबल र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानून निर्माणलाई प्राथमिकता दिने', सात बुँदेको दोस्रो नम्बरमा लेखिएको थियो।

तर सरकारको वर्ष दिन पुग्दा संविधान संशोधनको प्रक्रिया अगाडि बढाइएन। सत्तारुढ नेताहरूकै भनाइमा यो अवधिमा सरकारले संविधान संशोधनको औपचारिक प्रस्ताव विपक्षीहरूसमक्ष राख्ने जाँगर समेत चलाइएन।

### बिच्किए साना दल

अर्कोतर्फ सरकारलाई समर्थन गरेका दलहरू एकपछि अर्को गरी छाड्दै जाँदा सरकार नै नैतिक संकटमा परेको छ। जसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीले त सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरिसकेका छन्।

माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसाल भन्छिन्, 'ओली नेतृत्वको वर्तमान सरकार सामान्य काममै अल्झियो। जनताले सकारात्मक अनुभूति गर्न सक्ने कुनै काम भएन।'

विकास निर्माणको काम लथालिंग बनेको, ६० लाख मानिस गरिबीको रेखामुनि रहेको, उद्योगी-व्यवसायीहरू मरीच झैं चाउरिएको, विदेश जाने युवाहरूको भीड नघटेको निष्कर्ष प्रस्तुत गर्दै ओलीले प्रचण्ड नेतृत्वको सरकार बदल्नु परेको तर्क गरेका थिए। तर उनी स्वयं प्रधानमन्त्री बनेपछि पनि यी विषयमा कुनै परिवर्तन आएको छैन।

एमालेका महासचिव शंकर पोखरेल वर्तमान सरकारको एक वर्षमा सुधारको प्रयास भएको लाबी गर्छन्। 'पार्टी अध्यक्ष नेतृत्वको सरकारले एक वर्ष पूरा गरेको छ। यो एक वर्षमा ओरालो यात्रा रोकिएको छ र सुधारका स्पष्ट परिणाम देखिँदै छन्', पोखरेलले भने।

तर सरकारको एक वर्षको अवधिको विषयमा सत्ता साझेदनर नेपाली कांग्रेसको धारणा फरक छ। कांग्रेस प्रवक्ता प्रकाशरण महत समग्रमा अहिलेको कार्यशैलीबाट कांग्रेसलाई केही ठाउँमा असहजता महसुस भएको टिप्पणी गरे। 'हाम्रा चाहना र सहमतिको आधारमा अघि नबढ्दा स्वाभाविक रूपमा असहजता आउँछ। तर, हामी चाहन्छौँ यो गठबन्धन सफल होस्, तर गम्भीर पुनरावलोकन आवश्यक छ', उनले भने।

सरकारले गर्नैपर्ने स-साना नियमित कामको पनि जस लिन हत्ते देखिनु प्रधानमन्त्रीमा आमसाधारणलाई प्रभाव पार्ने उद्देश्य रहेको विश्लेषकरूको बुझाइ छ।

विश्लेषक झलक सुवेदी सरकारको एक वर्षको कामलाई कामचलाउ भनेर टिप्पणी गरे। 'दुई ठुला दलबीच सरकारमा सहकार्य र बाहिर प्रतिस्पर्धा रहेकाले चुनौती छ। सरकार सामान्य अवस्थाबाट माथि उठ्न सकेको छैन', उनले भने।

## अलपत्र...

भनेजस्तो काम गर्न सकेका छैनन्। माओवादी केन्द्रले पनि यो गठबन्धनले भने जस्तो काम गर्न नसकेको बताएको छ। कांग्रेस र एमालेले गठबन्धन केही गर्न नसक्ने भनेर आफूहरुले त्यसबेला भनेको भाष्य पुष्टि भएको उसको तर्क छ।

विपक्षी दलहरूलाई त झन् सरकारको शैली नै मन परेको छैन। चर्चा गर्न लायक काम सरकारले गर्न नसकेको उनीहरूको टिप्पणी छ। गठबन्धनभित्रको आन्तरिक व्यवस्थापनमै सरकार रुमल्लिइरहेकाले शिक्षा, स्वास्थ्य, रोजगारी लगायत जनताका आधारभूत आवश्यकतालाई सरकारले सम्बोधन गर्न नसकेको उनीहरू बताउँछन्।

## कमजोर...

अवस्थामा केही सुधार भएको पनि देखिन्छ। तर नागरिकले त्यस्तो सुधारको सकारात्मक प्रभाव जीवनमा अनुभूति गर्न पाएका छैनन्। मुख्य रूपमा कमजोर रहेको देशको आर्थिक अवस्था उकास्ने सरकारको प्राथमिकतामा परे पनि सुधार देखिएको छैन। आयात र निर्यातको असन्तुलन घट्न सकेको छैन भने बैंकमा थुप्रिएको रकम व्याजदर घटे पनि निजी क्षेत्रमा विश्वासको संकटका कारण लगानीमा आकर्षित हुन सकेको छैन। सरकारले लक्ष्य लिएअनुसारको राजश्व उठाउन नसक्दा र विकास निर्माणको गति सुस्त हुँदा बजार चलायमान हुन सकिरहेको छैन।

## निष्क्रिय...

परिणाममुखी देखिएन। सरकारलाई सघाउन भन्दै सत्तारुढ दल कांग्रेस एमालेका शीर्ष नेता रहेको १० सदस्यीय उच्चस्तरीय कार्यदल गठन गरेको भए पनि आन्तरिक विवादका कारण त्यसले प्रभावकारी काम गर्न सकेन।

विपक्षीले लगाएको प्रतिगमनको आरोप चिर्ने, न्यूनतम साझा कार्यक्रम तयार पार्ने र सत्तारुढ दलहरूको अनेक संयन्त्र तयार पार्दासम्म सरकारको आधा समय बितेको थियो। अहिले त्यही संयन्त्र पनि संकटमा छ। कांग्रेसभित्रको अन्तरविरोधले महामन्त्री गगन थापा संयन्त्रको बैठकमा नियमित छैनन् भने एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल देखिन छाडेका छन्।

अहिले प्रधानमन्त्री ओलीकै नेतृत्वमा सुशासन आयोग गठन भएको छ। तर त्यसले पनि कुनै काम गरेको देखिएको छैन। विगत एक वर्षमा ओली नेतृत्वको सरकारले संसद्मा विपक्षीको अवरोध पटकपटक सामना गर्नुपरेको छ। सहकारी ठगी, भिजिट भिसा र कुलिङ अफ पिरियडको विषयलाई लिएर सरकार संसदीय छानबिन समिति गठन गर्नुपर्ने बाध्यतामा पऱ्यो। सहकारी ठगी प्रकरणमा रास्वपा सभापति रवि लामिछानेलाई मात्र कारबाही गरिएको र अन्यलाई उन्मुक्ति दिइएको भन्दै सरकारले आलोचना खेप्नुपरेको छ।

निजामती सेवा विधेयकको कुलिङ अफ पिरियडमा जालसाजी गर्दै इतिहासमै संसदमाथि 'कु' गर्ने काम समेत भएको छ।

संसद्बाट कानुन निर्माणको विषयमा पनि सरकार नकारात्मक अंक मै रह्यो। संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको विद्यालय शिक्षा विधेयक र प्रहरी विधेयक अझै अघि बढेको छैन। बल्ल पास भएको निजामती सेवा विधेयक विवादमा परेको छ।

## पारदर्शिता...

नेताहरू गम्भीर भएनन भने भविष्यमा यसको मूल्य ठूलो पर्न जान्छ।'

पूर्पक्षका लागि भैरहवा कारागारमा रहेका सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको जिकीरसहित त्यसका विरुद्ध हस्ताक्षर र चन्दा संकलन गरिएको सन्दर्भमा अदालतमा विचाराधीन मुद्दा प्रभावित पार्न खोजिएको आरोपसमेत रास्वपामाथि लाग्दै आएको छ।

यो अभियानविरुद्ध सत्तासिन दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले)ले प्रश्न उठाइरहेका छन् भने प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र)सहित विपक्षी दलहरू राष्ट्रय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा (एकीकृत समाजवादी) लगायतका दलहरूले मौन-समर्थन गरेको देखिएको छ। कतिपय माओवादी केन्द्रका नेताहरूले समेत हस्ताक्षर गरेर चर्चामा आएका छन्।

माओवादीका कोशी प्रदेश सांसद एवं पूर्वसभामुख बाबुराम गौतमले हस्ताक्षर गरेका हुन्। उनले प्रतिकृया दिएका छन् 'अरू ठूलठूला काण्डका नाइकेलाई छाड्दै गर्दा रविलाई पनि सामान्य धरौटीमा छाडिदिएको भए केही बिग्रिदैनथ्यो।' गौतमको आशय अन्य भ्रष्टाचार र ठगीमा मुछिएकाहरूलाई छाड्दा रविलाई पनि छाड्नुपर्ने थियो।

सोमबार जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि लामिछानेको पक्षमा हस्ताक्षर गरेका छन्। रास्वपा मुख्यालय वनस्थली चःमतिमा पुगेर राउतले लामिछानेको पक्षमा हस्ताक्षर गर्दै आफूले हौसिएर नभई बुझेर नै लामिछानेको पक्षमा हस्ताक्षर गरेको बताएका छन्।

हस्ताक्षर अभियानमा सर्वसाधारण नागरिकदेखि सेलेब्रिटी, राजनीतिक व्यक्तित्व, पूर्वन्यायाधीशदेखि बैंकिङ क्षेत्रका व्यक्तिसमेत संलग्न छन्। पार्टीको तर्फबाट यो अभियानको संयोजन नेता दीपक बोहोराले गरेका छन्। उनका अनुसार कलाकार, पूर्वन्यायाधीश, पूर्वप्रहरी, विभिन्न दलका नेता-कार्यकर्ता, जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, ट्याक्सीचालक, किरियापुत्री, दृष्टिविहीन, अपांग, युवादेखि वृद्धसम्म, सहकारीपीडित र आमनागरिकले अभियानमा सहभागिता जनाइरहेका छन्।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, अभिनेत्री मनीषा कोइराला, सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी, पूर्वप्रशासक कुलमान घिसिङ, मधेश प्रदेशका पूर्वमुख्य न्यायाधिवक्ता दीपेन्द्र झा, कलाकार विपिन कार्की, रमेश उप्रेती, किरण केसीलगायतले हस्ताक्षर गरेका छन्।

माओवादी अध्यक्ष प्रचण्ड, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरीले हस्ताक्षेर नगरेपनि लामिछानेमाथि सरकारले प्रतिशोध साँधेको भन्दै रास्वपाका कार्यकर्ताको मन जित्ने प्रयत्न गरिरहेका छन्।

तर, हस्ताक्षरसँगै क्युआर सार्वजनिक गरेर उठाइएको चन्दा क-कसले दिएको भन्ने नेताहरूले खुलाएका छैनन।

अभियानका संयोजक बोहोराले शुभेच्छुकहरूले सयदेखि हजार रुपैयाँसम्म सहयोग उठिरहेको बताए। 'सभापतिको अपिल छाप्न र त्यसलाई गाउँ-सहर, देश-विदेशसम्म पठाउन त्यही पैसाले खर्च गर्नेछौं', उनले भने 'यसका लागि पार्टीले छुट्टै कोष खडा गरी खाता खोलेको छ र त्यसको अडिट गरिनेछ। हस्ताक्षर अभियान र आर्थिक संकलनसम्बन्धी सबै विवरण सार्वजनिक हुन्छ।'

लामिछानेका सहयोगी प्रमोद न्यौपानेका अनुसार प्रदेशस्तरमा छुट्टै र केन्द्रमा छुट्टै तथ्यांक संकलन भइरहेको छ। जस अनुसार कोशी प्रदेशमा १ लाख ६६ हजार, मधेशमा ३६ हजार, बागमतीमा २ लाख १३ हजार, गण्डकीमा २ लाख ६० हजार, लुम्बिनीमा १ लाख ९७ हजार, कर्णालीमा ३८ हजार र सुदूरपश्चिममा २५ हजार भन्दा बढी हस्ताक्षर संकलन भएको छ।

यस्तै अहिलेसम्म चन्दास्वरूप करिब ४५ लाख रुपैयाँ रकम संकलन भएको उनले जानकारी दिए। यद्यपि यसको एकिन विवरण सार्वजनिक भएको छैन्। 'यो चन्दा संकलन जबरजस्ती होइन, हस्ताक्षर गर्नेहरूले स्व-इच्छाले दिनुभएको हो,' न्यौपानेले भने। उनले अरु पार्टीहरूले पनि विभिन्न स्वरूपमा चन्दा लिइरहेको बताए। हस्ताक्षर अभियानलाई कम्तीमा पनि १०० दिनसम्म पुऱ्याउने रास्वपाको लक्ष छ। सहकारी ठगी प्रकरणमा मुछिएका लामिछाने अहिले भैरहवा कारागारमा छन्।

## घुस...

ध्यानाकर्षण गराएका छन्। महामन्त्री थापाले मन्त्री गुप्ताले गल्ती नगरेको भए तुरुन्त राजीनामा दिएर आफूमाथि छानबिन होस् भन्नुपर्ने बताए। 'आफूले गल्ती गरेको होइन भन्ने आँट पनि छैन। प्रधानमन्त्रीले तुरुन्त मन्त्रीलाई बर्खास्त गरिहाल्नुहोला भन्ने मेरो अपेक्षा थियो। यसबारेमा टिप्पणी नै गर्नुपर्दैन होला भन्ने लागेको थियो,' महामन्त्री थापाले भने, 'तर टिप्पणी गर्नुपर्ने अवस्था आयो। प्रधानमन्त्रीज्यू तपाईंले तत्काल तपाईंको मन्त्रीलाई बर्खास्त गर्नुस्।' अनुसन्धानमा कहीँकतै कोही दोषी देखिन्छ भने उसलाई कारबाही हुनुपर्ने थापाको माग छ।

सोमबार नै पूर्वप्रधानमन्त्री एवं संसदको प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि सरकारले सत्तालाई बिचौलियाको स्वार्थ र भ्रष्टाचारीको संरक्षणमा लागेको आरोप लगाए। प्रधानमन्त्री ओलीप्रति प्रश्न गर्दै उनले भने, 'तपाईंका मन्त्री खुल्लमखुल्ला लाखौंको डिल गरिरहेका छन्, प्रधानमन्त्रीज्यू ! चित्रगुप्तलाई बयान कहाँ गएर दिने हो ?'

वर्तमान सरकारले भ्रष्टाचार, भागबन्डा, राजनीतिकरण, र बिचौलियाको संरचना सृजना गरेर राज्यको आधिकारिक संयन्त्रलाई छायामा पार्ने प्रयास गरेको उनको आरोप छ। 'भ्रष्टाचार गर्दिनँ र गर्न दिँदैन भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिलाई आमजनताले जाली ठानिसकेको र त्यसको विपरीत सरकारको क्रियाकलापले त्यो साबित गरिदिएको छ', उनले भने।

सरकारका मन्त्रीहरूले खुलेआम घुस डिल गरेको विषयमा मन्त्री गुप्ताले आफूलाई बचाउ गर्दै आएका छन भने प्रधानमन्त्री ओलीले पनि उनलाई जोगाउने योजनामा छन्। प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकमा मन्त्री गुप्ताले प्रधानमन्त्रीकै आडमा आफूलाई बचाउ गरे।

यति ठूलो काण्डा बाहिर आउँदा मन्त्रीले राजीनामा दिनुपर्ने या प्रधानमन्त्रीले बर्खास्ती गर्नुपर्ने आवाज सदनदेखि सडकसम्म उठेपनि त्यसको प्रधामनन्त्री ओलीले बेवास्ता गरेका छन्।

एमालेका मुख्य सचेतक महेश बर्तोलाले मन्त्री स्वयमले यो विषयमा बुझेर निर्णय लिनु पर्नेमा त्यस्तो नहुँदा प्रधानमन्त्रीले अध्यायन गरेर यस विषयमा निर्णयमा पुग्ने बताए। प्रधानमन्त्री ओली गुप्तालाई मात्रै भन्दा पनि विवादित मन्त्रीहरूलाई एक मुष्ट हटाएर मन्त्रिपरिषद् नै पुनर्गठन गर्ने पक्षमा देखिएको नेताहरूको भनाइ छ।

## एआईबाट...

विधेयक प्रक्रियामा अघि बढेको छ। विधेयक ऐनमा रुपान्तरित भए एआईबाट अपराध गरे साइबर कसुरमा मुद्दा चल्नेछ।

सोमबार प्रतिनिधि सभामा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ पेस गरेको विधेयकमा कसैले ऐन बमोजिम कसुर मानिने कार्यहरू एआईबाट गरेको रहेछ भने त्यस्तो कसुर एआईबाट प्रयोग गर्ने सम्बन्धित व्यक्तिले गरे सरह मानिने उल्लेख छ। यससम्बन्धी व्यवस्था प्रस्तावित विधेयकको दफा ७९ मा छ। जहाँ भनिएको छ, 'सूचना प्रविधिको क्षेत्रमा विकसित भएका नवीनतम प्रविधिको पारदर्शी, जवाफदेही, सुरक्षित र मर्यादित प्रयोग गर्नु पर्नेछ।'

दफा ७९ मै स्पष्टीकरण राखिएको छ, 'यस दफाको प्रयोजनको लागि "नवीनतम प्रविधि" भन्नाले सूचना प्रविधिको क्षेत्रमा नयाँ र द्रुत गतिमा विकसित भएका कृत्रिम बौद्धिकता, मेसिन लर्निङ्ग, वल्कचेन, ईन्टरनेट अफ थिङ्स, फाइभ जी तथा नेक्सट जेनरेसन नेटवर्क, क्वान्टम कम्प्युटिङ्ग लगायतका प्रविधि सम्झनु पर्छ।' अर्थात, सरकारले एआईबाट अपराध हुन सक्ने कल्पना गरेर साइबर कसुरमा मुद्दा लाग्ने गरी ऐन बनाउन लागेको हो।

एआईबाट वा अन्य तरिकाबाट मुलुकको साइबर सुरक्षा तथा तथ्याङ्क प्रणालीमा अवरोध सिर्जना गरे दण्डनीय हुन्छ।

प्रस्तावित विधेयकको दफा ८० अनुसार यस्तो कार्य कसैले गरे कसुरको मात्रा हेरी पाँच वर्षसम्म कैद वा १० लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

कसैले लुकाइछिपाइ विद्युतीय प्रणालीको कार्य सञ्चालनमा हस्तक्षेप गरे वा कसैलाई आर्थिक नोक्सानी हुनेगरी संवेदनशील वित्तीय सूचना प्राप्त गरे वा गराए कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

कुनै पनि व्यक्तिले अर्को व्यक्तिको सूचनाको चोरी गर्नु अपराध हो। प्रस्तावित विधेयकको दफा ८२ अनुसार विद्युतीय प्रणालीको स्रोत संकेत नष्ट, परिवर्तन गर्न वा चोरी गर्न हुँदैन। कसैले विद्युतीय प्रणालीमा प्रयोग हुने स्रोत संकेत तथा सूचनाको चोरी गर्न, अनधिकृत रूपमा नष्ट गर्न वा परिवर्तन गरे त्यो साइबर अपराध अन्तर्गत पर्छ।

स्रोत संकेत भन्नाले कम्प्युटर कार्यक्रमको सूचीकरण, कम्प्युटर निर्देशन, कम्प्युटर डिजाइन र कम्प्युटर लेआउट तथा कम्प्युटर सम्पदाको जुनसुकै स्वरूपमा रहेको कार्यक्रम विश्लेषण सम्झनुपर्ने परिभाषा छ।

कसैले विद्युतीय प्रणालीमा प्रयोग हुने स्रोत संकेत तथा सूचना चोरीको हो भन्ने जानीजानी खरिद तथा बिक्री गरे कारबाही गर्ने गरी सरकारले विधेयक ल्याएको हो। जहाँ भनिएको छ, 'कसुर गरेमा कसुरको मात्र हेरी तीन वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।'

कुनै पनि व्यक्तिको कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउनु साइबर अपराध हो। अनधिकृत पहुँच पुऱ्याएर सूचना प्रविष्ट गरे वा हेरफेर गरे दण्डनीय हुन्छ।

'कसैले विद्युतीय माध्यमको प्रयोग गरी कसैको युजर एकाउन्ट वा कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउन वा त्यस्तो प्रणालीमा प्रवेश गरी डाटाको अखण्डतामा फरक पर्ने गरी डाटा हेरफेर गर्ने वा मेटाउने कार्य गर्नु वा गराउनु हुँदैन' विधेयकको दफा ८३ को उपदफा १ मा छ।

कसैले कुनै अप्रमाणिक विद्युतीय सूचनालाई प्रमाणिक हो भन्ने देखाउन वा कानुनी प्रयोजनको लागि प्रयोग गर्न पढ्न वा बुझ्न सकिने वा नसकिने जुनसुकै स्वरूपमा कुनै सूचना प्रविष्ट गर्न, हेरफेर गर्न, मेटाउन वा लुकाउन र छिपाउन हुँदैन।

यी कार्य गरे साइबर अपराध गरेको ठहरिन्छ र कसुरको मात्रा हेरी दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

अश्लिल सामग्री उत्पादन, वितरण, प्रकाशन, प्रसार वा खरिद बिक्री गर्न वा गराउनु पनि साइबर अपराध हो। कसैले विद्युतीय प्रणालीको माध्यमबाट कुनै अश्लिल सामग्रीको उत्पादन तथा सङ्कलन गर्न, बिक्री वितरण गर्न, प्रकाशन गर्न, प्रदर्शन गर्न, प्रसार गर्न वा सञ्चय गर्न हुँदैन।

तर, कुनै व्यक्तिले कुनै अनुसन्धान, कानुन कार्यान्वयन, अध्यापन वा चिकित्सकीय प्रयोजनको लागि यौनजन्य सामग्रीको सम्प्रेषण, प्राप्ति वा सञ्चय गरेको प्रमाणिक रूपमा देखाउन सकेमा र त्यस्तो उद्देश्य पूरा हुनासाथ त्यस्ता सामग्री मेटाएमा कसुर मानिने छैन।

अन्यथा, अश्लिल सामग्री उत्पादन, वितरण, प्रकाशन, प्रसार वा खरिद बिक्री गर्न वा गराउनेलाई कसुरको मात्रा हेरी दुई वर्षसम्म कैद वा दुईलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

कसैले विद्युतीय माध्यमबाट फिसिङ तथा स्पुफिङ लगायतका विधि प्रयोग गरी कसैको युजर एकाउन्ट वा कम्प्युटर प्रणालीको पासवर्ड, पिनकोड, प्याटर्न तथा टोकन लगायतका गोप्य कोड चोरी गर्नु वा गराउनु हुँदैन।

'फिसिङ' शब्दले नक्कली लिङ्क प्रयोग गरी साइबर स्पेसका प्रयोगकर्तालाई झुक्याई संवेदनशील जानकारी प्रवाह गर्न प्रेरित गर्ने वा कुनै मालवेयर स्थापना गर्ने कार्यलाई पनि बुझाउँछ।

यस्तो कार्य गर्नेलाई साइबर अपराध अन्तर्गत कसुरको मात्रा हेरी दुई वर्षसम्म कैद वा दुईलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

## सयको...

दुवै सदनबाट पारित उक्त विधेयक सोमबार साँझसम्म राष्ट्रपतिबाट प्रमाणीकरण भने भइसकेको छैन।

तर संघसहित वैदेशिक रोजगार क्षेत्रका सबैजसो संस्थाले संख्या सय खारेज भएसँगै व्यवसायीले ७ वर्षदेखि व्यहोर्नुपरेको असुरक्षा र त्रास हटेको बताएका छन्।

संघले उक्त कार्यका लागि मुक्तकण्ठले मन्त्री भण्डारीप्रति आभार व्यक्त गर्दै वैदेशिक रोजगार क्षेत्रमा रहेका अन्य समस्या पनि समाधानका लागि पहल गर्न माग गरेको छ।

सो अवसरमा संघले मागपत्र प्रमाणीकरण प्रक्रियामा देखिएका समस्या र जटिलतासम्बन्धी आधिकारिक पत्र पेश गर्दै परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागको अनलाइन प्रणालीमा आएको समस्या तथा प्रमाणीकरणमा अत्यधिक ढिलाइ जस्ता विषय उठाएको छ।

मागपत्र प्रमाणीकरणका लागि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)लाई नै पुनः कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउनसमेत मन्त्री भण्डारीलाई अनुरोध गरिएको संघका महासचिव महेशकुमार बस्नेतले जानकारी दिए।

संघको प्रतिनिधिमण्डलमा वरिष्ठ व्यवसायी हेम गुरुङ, नवराज केसी, कोषाध्यक्ष धनु सिञ्जालीलगायतका व्यवसायी सहभागी रहेका थिए।

## श्रममन्त्री...

स्मरण गराउँदै अब न्यूनतम एक हजार दिराम नगद तलब र थप ४०० दिराम बराबरको आवास तथा खानाको सुविधा अनिवार्य रूपमा कार्यान्वयन गरिनुपर्नेमा जोड दिए।

नेपाली श्रमिकका लागि जम्मा एक हजार ४०० दिराम बराबरको सेवासुविधा सुनिश्चित गर्न यूएई सरकारलाई मन्त्री भण्डारीले आग्रह गरे।

सो अवसरमा राजदूत अलशाम्सीले नेपाल सरकारद्वारा तय गरिएको न्यूनतम तलबको व्यवस्थालाई यूएई सरकारले सकारात्मक रूपमा लिएको बताए। यसको कार्यान्वयनमा आफूहरुको पूर्ण समर्थन रहने प्रतिबद्धतासमेत उनले व्यक्त गरे। 'नेपाल सरकारद्वारा तय गरिएको नीति यूएईले पूर्ण रूपमा कार्यान्वयन गर्न तयार छ,' उनले भने।भेटका क्रममा राजदूत अलशाम्सीले महिला घरेलु कामदारका लागि नेपाल सरकारले अघि सारेको पाइलट परियोजनाबारे समेत चासो व्यक्त गरेका थिए।

मन्त्री भण्डारीले पाइलट परियोजनाका लागि सबै आन्तरिक तयारी सम्पन्न भइसकेको जानकारी दिए। उनले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको निर्णय आएलगत्तै घरेलु कामदार पठाउने प्रक्रिया सुरु हुने विश्वास व्यक्त गरे।

नेपाल सरकारले श्रमसम्बन्धी सम्पूर्ण सेवा-सुविधालाई 'डिजिटलाइजेसन'तर्फ अगाडि बढाइरहेको जानकारी गराउँदै उनले त्यसमा यूएई सरकारसँग सहकार्यको अपेक्षा गरिएको बताए।

## बीमा...

ओझालाई बीमा प्राधिकरणको अध्यक्षमा नियुक्त गरेको थियो।

पूर्वपत्रकारसमेत रहेका उनी प्रतिस्पर्धी पूर्वसचिव रामशरण पुडासैनी र स्वास्थ्य बीमा बोर्डका पूर्व कार्यकारी निर्देशक दामोदर बसौलालाई पछि पार्दै नियुक्त भएका थिए। उनीविरुद्ध अख्तियारमा उजुरी परेपछि अख्तियारले पनि छानबिन गरिरहेको छ।

# जुम्ला जिल्ला अदालतद्वारा ६८.४९ प्रतिशत मुद्दा फछ्र्यौंट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३० असार



आर्थिक वर्ष २०८१/८२ मा जुम्ला जिल्ला अदालतले ६८.४९ प्रतिशत मुद्दा फछ्र्यौंट गरेको छ। सोमबार जिल्ला अदालतले आयोजना गरेको प्रगति विवरण सार्वजनिक कार्यक्रम तथा सञ्चारकर्मीहरूसँगको अन्तरक्रिया कार्यक्रममा सो जानकारी गराइएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा कुल ३११ वटा मुद्दा दर्ता भएका छन्, जसमा १९२ नयाँ र ११९ पुराना मुद्दा सरुवा भएका थिए । असार मसान्तसम्म २१३ वटा मुद्दा फछ्र्यौंट भएका छन् भने हाल ९८ वटा मुद्दा बाँकी रहेको अदालतले जनाएको छ। तीमध्ये केही मुद्दा आगामी वर्षको लागि जिम्मेवारी सरिसकेका छन् ।

विगत तीन वर्षको तुलनामा २०८१/८२ मा मुद्दा फछ्र्यौंटको दर सबैभन्दा बढी देखिएको छ । २०७९/८० मा ३७६ मुद्दा दर्ता भएकोमा २२८ फछ्र्यौंट भएको थियो भने बाँकी १४८ रहेको थियो। यस्तै २०८०/८१ मा ३१२ मुद्दा दर्ता भएका थिए १९३ फछ्र्यौंट भएको छ भने ११९ बाँकी छन् ।

कार्यक्रममा न्यायाधीश आनन्दराज पन्तले अनुसन्धान र अभियोजन प्रक्रियामा संलग्न निकायहरू निष्पक्ष भए मात्र न्याय प्रणाली साँचिकै अर्थमा जनमैत्री र प्रभावकारी बन्ने बताए ।

उनले न्यायिक संयन्त्र, प्रहरी तथा सरकारी वकिलको भूमिकामा निष्पक्षता र शुद्ध मनको आवश्यकता औंल्याए ।

उनले भने, 'अदालतले पाँच वर्षीय योजना अन्तर्गत तोकिएका वार्षिक कार्ययोजनाहरू अनुसार नियमित रूपमा न्याय क्षेत्रमा काम सम्पादन गरिरहेको छ । डिजिटल प्रणाली, समयमै सुनुवाइ र द्रुत फछ्र्यौंट प्रणालीमार्फत न्यायमा पहुँच सुनिश्चित गर्न सुधार भइरहेको छ ।'

न्यायाधीश पन्तले अनुसन्धान प्रक्रियामा प्राविधिक दक्षता, नैतिक जवाफदेहिता र सत्यता अपरिहार्य भएको उल्लेख गर्दै, अदालतले पनि प्रत्येक मुद्दामा संवेदनशीलताका साथ कानुनी मापदण्ड पालना गर्दै काम गरिरहेको जानकारी दिए ।

कार्यक्रममा सरकारी वकिल अनिल रेग्मीले न्याय प्रणालीको प्रभावकारिता र सरकारी वकिलको भूमिकामाथि प्रकाश पारे । श्रेस्तेदार महेन्द्र बहादुर पौडेलले यस्ता कार्यक्रमहरू कानुनी शिक्षाको सुदृढीकरणमा सहायक हुने धारणा राखे ।

अदालतका सेलदार हरिकृष्ण तिमिल्सिनाले न्याय प्रणालीमा प्रणालीगत सुधार गर्दै जनमैत्री न्याय प्रणालीको विकासमा प्रतिबद्ध रहेको बताए । उनले समाजका असाय र अक्षमता भएका व्यक्तिहरूले कानुनी सहायता चाहेको खण्डमा स्थानीय सरकारमार्फत निःशुल्क बैतनीक वकिलको व्यवस्था उपलब्ध गराइने जानकारी दिए ।

# ईमेज च्यानलमा नयाँ व्यवस्थापन



**काठमाडौं/मस–** नेपालको निजी क्षेत्रको पहिलो टेलिभिजन ईमेज च्यानलको व्यवस्थापन परिवर्तन भएको छ । विगत २७ वर्षदेखि आरके मानन्धरको अध्यक्षतामा सञ्चालन हुँदै आएको ईमेज च्यानल टेलिभिजन २०८२ साल साउन १ गतेदेखि नयाँ व्यवस्थापन अन्तर्गत सञ्चालन हुने भएको हो । ईमेज च्यानल टेलिभिजनसँगै ईमेज एफएम ९७.९ र ईमेजखबर डट कम पनि नयाँ व्यवस्थापनअन्तर्गत नै सञ्चालन हुनेछन् ।

नयाँ व्यवस्थापनको कार्यकारी अध्यक्षमा परिचित सञ्चार उद्यमी एवं कामना प्रकाशन गृहका प्रमुख कार्यकारी दिरेकलाल श्रेष्ठ रहेका छन् भने प्रबन्ध निर्देशकमा अर्का सञ्चार उद्यमी चेङ अग्रवाल रहेका छन् । नयाँ व्यवस्थापनले ईमेज च्यालन टेलिभिजनमा शुरुवाती दिनदेखि कार्यरत जगदीश खरेललाई समाचार प्रमुखको जिम्मेवारी समेत प्रदान गरिएको छ ।

लाजिम्पाटस्थित ईमेज च्यानलको कार्यालयमा सोमबार आयोजित विशेष समारोहमा ईमेज ग्रुप अफ कम्पनीजका अध्यक्ष आरके मानन्धरले नयाँ व्यवस्थापनलाई जिम्मेवारी हस्तान्तरण गरे । समारोहमा अध्यक्ष मानन्धरले युवा सञ्चार उद्यमीहरुको काँधमा जिम्मेवारी विसाउन पाउँदा आफूलाई सन्तोष लागेको बताए ।

सो अवसरमा कार्यकारी अध्यक्ष श्रेष्ठले ईमेज च्यालन टेलिभिजनको छविको ख्याल गर्दै कम्पनीलाई अघि बढाउने बताए । आफूले नेपालको कामना प्रकाशनबाट नैतिकतासहितको पत्रकारिता सिकेको उल्लेख गर्दै उनले अमेरिका र नेपालमा गरी आफ्नो साढे दुई लामो छापा माध्यमको अनुभव र ईमेजको तीन दशकको गर्विलो इतिहासलाई एकाकार गरेर नयाँ उचाईमा पुऱ्याउने अठोट व्यक्त गरे। त्यसैगरी नवनियुक्त समाचार प्रमुख जगदीश खरेलले टेलिभिजनका दर्शक नघटेको तर टेलिभिजन हेर्ने माध्यम फेरिएको बताए । समाचार तथा समाचारजन्य सामग्री सशक्त हुनुपर्ने भन्दै उनले टेलिभिजनलाई आजको प्रविधिसँग जोड्नुपर्नेमा जोड दिए । नयाँ व्यवस्थापन पक्षले भनेको छ, 'व्यवस्थापन परिवर्तनसँगै अब छापा माध्यम पनि हामीसँग जोडिएको छ। २०४१ साल मंसिर १५ गतेदेखि निरन्तर सञ्चालनमा रहँदै आएको नेपालको पहिलो संस्थागत प्रकाशन गृह कामना प्रकाशन गृह अब हाम्रो भगिनी संस्थाको रुपमा जोडिएको छ । टेलिभिजन, रेडियो, अनलाइन र छापा गरी चार वटै माध्यमबाट अझ सशक्त र प्रभावकारी रुपमा प्रस्तुत हुनेछ ।'

# छत्रदेव गाउँपालिकामा पञ्चवर्षीय शिक्षा योजना सार्वजनिक

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० असार



अर्घाखाँचीको छत्रदेव गाउँपालिका, अर्घाखाँचीले 'गुणस्तरीय शिक्षा सबैका लागि' भन्ने मूल उद्देश्यसहित पञ्चवर्षीय शैक्षिक आवधिक योजना (२०८१/८२-२०८५/८६) सार्वजनिक गरेको छ ।

गाउँपालिकाले शिक्षा क्षेत्रमा गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र व्यवहारिक शिक्षालाई प्राथमिकतामा राख्दै दीर्घकालीन रूपान्तरणको दस्तावेज तय गरेको जनाएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेका अनुसार अब बन्ने स्थानीय शिक्षा नीति र कानुनहरू यसै योजनालाई आधार मानेर निर्माण गरिने छ ।

'गाउँपालिकाको नीति, कार्यक्रम र बजेट समेत यही योजनाको मार्गदर्शनमा तय हुनेछ,' पाण्डेले स्पष्ट पारे ।

गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले यो योजना छत्रदेवको शिक्षामा आमूल परिवर्तन ल्याउने युगान्तकारी कदम हुने विश्वास व्यक्त गरे । 'शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम मानव स्रोत उत्पादनमा केन्द्रित योजना तयार भएको छ,' श्रेष्ठले भने ।

शिक्षा योजना निर्माण कार्यदलका सदस्य जीवन कुमार श्रेष्ठले योजना सफलता, कमजोरी, अवसर र चुनौतीको विश्लेषणका आधारमा व्यवहारिक कार्ययोजना बनाइएको जानकारी दिए । अर्का सदस्य प्रकाशमणि घिमिरेले 'मानव स्रोत विकासमा टेवा पुऱ्याउने भरपर्दो आधारशिला' भएको बताए ।

गाउँपालिका शिक्षा शाखा प्रमुख तुलसीराम न्यौपानेले योजना समग्र शैक्षिक संरचनाको रूपान्तरणतर्फ लक्षित भएको उल्लेख गर्दै शिक्षकहरूको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

उपाध्यक्ष मनी पन्थीले सबै खालका बालबालिकाको शिक्षा पहुँच सुनिश्चित गर्न यो योजना निर्णायक हुने बताइन् । 'समावेशी र गुणस्तरीय शिक्षाको वातावरण निर्माणमा यसले महत्वपूर्ण मोड दिन्छ,' उनले भनिन् ।

प्राविधिक सहयोगी गीता अर्यालले शिक्षामा रूपान्तरण नीति मात्रै होइन, इमान्दारिताका साथ कार्यान्वयनमा निर्भर हुने बताउँदै छत्रदेवको प्रयास अन्य स्थानीय तहका लागि प्रेरणादायी बन्ने धारणा व्यक्त गरिन् ।

योजना निर्माण कार्यदलमा अध्यक्ष राजन पाण्डे, सदस्यहरु प्रकाशमणि घिमिरे, कृष्ण प्रसाद पौडेल, जीवन कुमार श्रेष्ठ, पशुपति आचार्य, मेनका भुसाल, धनिश्वर पाण्डे, गीता अर्याल र सदस्य सचिव तुलसीराम न्यौपाने रहेका थिए ।

योजनाअनुसार अब गाउँपालिकाका विद्यालयहरूमा प्रविधिमैत्री पूर्वाधार विकास, बालमैत्री र नैतिक शिक्षामा आधारित वातावरण सुनिश्चित, जीवन उपयोगी सीप हस्तान्तरण र सूचना प्रविधिको प्रभावकारी प्रयोग र समावेशी पहुँचको प्रवर्द्धनमार्फत शिक्षा प्रणालीको गुणात्मक सुधार गरिनेछ। अध्यक्ष श्रेष्ठले कार्यदललाई धन्यवाद दिँदै, अबको यात्रामा नीति र कार्यान्वयनबीचको समन्वयलाई प्राथमिकता दिइने उल्लेख गरे ।

यस योजनाले छत्रदेवलाई शैक्षिक रूपान्तरणको नयाँ युगतर्फ उन्मुख गराउने विश्वास सरोकारवालाले व्यक्त गरेका छन् ।

# छाउगोठ भत्काउन स्थानीय तहलाई पत्राचार

**कञ्चनपुर/मस–** छाउपडी बसेकी कृष्णपुर नगरपालिका-१ निगाली टोलकी २८ वर्षीया कमला दमाईको सर्पदंशबाट मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जिल्ला भित्रका सबै स्थानीय तहलाई छाउगोठ भत्काउने अभियान सञ्चालन गर्न पत्राचार गरेको छ ।

कमला दमाईको सर्पदंशबाट शनिबार राति मृत्यु भएको थियो। प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालद्वारा हस्ताक्षरित पत्रमा कञ्चनपुरका ७ नगरपालिका र २ गाउँपालिकालाई सामुदायिक रूपमा जरा गाडेर बसेको यो कुप्रथा अन्त्य गर्न विशेष अभियान सञ्चालन गर्न भनिएको छ ।

पत्रमा भनिएको छ, 'महिनावारीको समयमा छाउपडी गोठमा सुतिरहेकी महिलाको मृत्यु जस्तो दुखद घटना दोहोरिन नदिन परम्परागत रुपमा चलिरहेको कुप्रथा उन्मूलन गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।'

प्रशासनले भीमदत्त, दोधारा चाँदनी, वेदकोट, शुक्लाफाँटा, कृष्णपुर, पुनर्वास, बेलौरी नगरपालिका तथा बेलडाँडी र लालझाडी गाउँपालिकालाई आवश्यक निर्णयसहित छाउगोठ भत्काउने कार्य तत्काल सुरु गर्न अनुरोध गरेको हो ।

**VACANCY ANNOUNCEMENT**
One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicant.
★ Public Relation Officer (PRO) - 3 Male / 2 Female
Salary Negotiable
Requirements:-
- Minimum 2 Years Experienced in Related Fields.
Send Your CV at info@habibirecruitment.com
HABiBi International Recruitment Pvt.Ltd. Lic No. 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नः ०१-४५९५१७१
Website: www.habibirecruitment.com

**श्री सुन्दर सा.व.उ.स**
**चौदण्डिगढी नपा– १, २ उदयपुरको**
**काठ लिलाम सम्बन्धी सूचना**
यस उपभोक्त समूहले नियमानुसार संकलन गरि घाटगद्दी गरेको लट नं. १ साल जात विभिन्न ग्रेड ११० थानको ७२९. ६२ क्युफिट र लट नं. २ असना जात ५ थानको ४४.४४ क्यूविफिट काठ समूहमा खपत हुन नसकेकोले शिलबन्दी दरभाउपत्रबाट बिक्रीका लागि सूचित गरिन्छ। विस्तृत जाकारीको लागी समूहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

**भुल-सुधार**
मिति २०८२/०३/३० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको शाखा कार्यालय लोकन्थली, भक्तपुरको धितो लिलाम बिक्रि गर्ने बारे ७ दिने सूचनामा ऋणी भिम बहादुर लिम्बुको बोलपत्र खोलिने स्थान केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल-सुधार गरिएको छ।
कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

**Absolutely Zero Cost Recruitment Opportunity In Jordan**
**पूर्णतया शुन्य लागत अन्तर्गत जोर्डनमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : NEEDLE CRAFT FOR CLOTHING INDUSTRY — शहर: DULAY
पूर्व स्वीकृत मिति: २०८२/०३/२९ — चलानी नं.:६०२४०९५० — LT. No.:326955

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 100 | सम्बन्धित काममा दक्ष | 230 | ४४,४७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |
| 2. | Machine Operator | 50 | 0 | | 230 | ४४,४७९ | | | | | | | |

नोट: तलब: JOD २३० (JOD १३० नगद + JOD १०० बस्तुगत पारिश्रमिक)
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SCC Manpower Company Pvt. Ltd. Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com

**Kuwait मा रोजगार** Al Haram Infrastructure Company For Roads And Paths, Well Drilling Rigs Oil
पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/१/८ — चलानी नं.:६०२३६३४६ — LT No.: 322303

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Driver /Driver | 12 | 0 | [illegible] | 150 | ६७.४२२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता : २०८२ साउन ६ गते (22 July, 2025) यस प्रा. लि. को कार्यालय महाराजगंज, काठमाडौमा हुनेछ ।

AL-KARIM HUMAN RESOURCES PVT. LTD. Govt Lic.: 1181/073/74
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4521108, 4521056

**साउदीमा रोजगार** कम्पनी: Future Coming General Contracting Establishment — शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/१२/१३ — चलानी नं.: ६०२३५२०६ — LT. No.: 320811 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

सुगम ओभरसिज प्रा. लि. SUGAM OVERSEAS PVT. LTD. इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**साउदीमा रोजगार** कम्पनी: GULF ASIA CONTRACTING COMPANY. — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०३/२९ — चलानी नं.:६०२४०९४० — LT. No.: 326999

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader and Unloader | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MAPA CONSTRUCTION AND TRADE CO. INC — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०६/११ — चलानी नं.:६०२२५५६२ — LT. No.: 311439 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1263 | ४६,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. श्रम इजाजत पत्र नं.: ३३६/०५९/०६०
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287

**यूएईमा रोजगार** कम्पनी: EMIRATES HOSPITALITY CENTER-SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/३० — चलानी नं.: ६०२४०९७५ — L.T. No.: 327081

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef de Partie | 25 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Head Chef - Commi -1 | 15 | 0 | | 1500 | ५५,९५० | | | | | | | |
| 3. | Head Chef - Commi -2 | 15 | 0 | | 1200 | ४४,७६० | | | | | | | |
| 4. | Sous Chef | 10 | 0 | | 3500 | १३०,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

STARIS HR SERVICES PVT. LTD. श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

**साउदीमा रोजगार** कम्पनी: YOUSEF BIN ALI BIN MUSA AL KHATAM DATES ESTABLISHMENT. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/२९ — चलानी नं.: ६०२४०९३५ — L.T. No.:327001

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

PERFECT DESTINATION PVT. LTD. Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

**यूएईमा रोजगार** AL QAMAR ELECTROMECHANICAL WORKS LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०३/३० — चलानी नं.: ६०२४०९७४ — L.T. No.: 326974

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber Assistant | 5 | 0 | स. काममा दक्ष | 1200 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Talent International Management Service Pvt. Ltd. श्रम इजाजत नं. ५५८/०६८/६९
कलंकी-१३, काठमाण्डौ, नेपाल (Near Dristi eyes hospital)
E:mail: timss@yahoo.com, Web.: www. timssnepal.com
Tel number:- 015234603 | 9851093570, 9840874805, 9842004081, 9813304725

**Saudi मा रोजगार** Elite Taste Trading Company
पूर्व स्वीकृती मिति: २०८२/३/२९ — चलानी नं. ६०२४०९३० — LT No.: 326998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 1 | काममा दक्ष | 1500 | ५४,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ साउन ६ गते (22 July, 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौमा हुनेछ ।

रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि. श्रम इजाजत नं. ६२८/०६३/६४
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२

**साउदीमा रोजगार** कम्पनी: AXIS INSPECTION LTD. — शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८१/१०/२७ — चलानी नं.: ६०२३२६७२ — LT. No.: 318503 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

Sky Of The World Manpower Pvt. Ltd. श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

**यूएईमा रोजगार** कम्पनी: Deyaar Facilities Management LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/३० — चलानी नं.: ६०२४०९७६ — LT. No.:326985

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 80 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guards | 40 | 0 | | 1600 | ५९,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD Govt Lic.No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

**साउदीमा रोजगार** कम्पनी : SAKIN REAL ESTATE COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०३/२९ — चलानी नं.: ६०२४०९६४ — LT. No.:327015

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ६५,७५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि. श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ असार २०८२ मंगलबार
15 July 2025, Tuesday

सम्पादकीय

# सुशासनको कसीमा प्रधानमन्त्री

प्रतिनिधि सभा बैठकलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको एक वर्ष अवधिलाई खराब समयको संज्ञा दिएका छन् । प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले वर्तमान सरकार गठनको उद्देश्य नै सुशासनको अभियानलाई रोक्नु भएको तर्क गत वर्ष सुनाएका थिए । प्रचण्डको निष्कर्ष थियो– माओवादी नेतृत्वको सत्ता–समीकरण फेर्ने नेपाली कांग्रेस र नेकपा एमालेका शीर्ष नेताहरूको नियत सही छैन । प्रचण्डले यस्तो आरोप लगाइरहँदा सात बुँदे सहमति गरी केपी ओलीलाई प्रधानमन्त्री बनाएको कांग्रेस–एमाले नेताहरूले दावी अर्कै थियो । उनीहरूले भनेका थिए, प्रचण्ड नेतृत्वको सरकारले देशको उधोगति रोक्न सक्ने छैन ।

ओली नेतृत्वमा सरकार बनिरहँदा कांग्रेस सभापति शेरबहादुर देउवासँग आलोपालो सरकारको नेतृत्व गर्ने सहमति पनि भएको छ । सात बुँदेको मुख्य बुँदा नै सरकारको नेतृत्वमा आलोपालो गर्ने सहमति हो । तर भन्नलाई चाहिँ जनतामा बढिरहेको निराशा रोक्न, आर्थिक अवस्था सुधार्न र राजनीतिक स्थायित्वका निम्ति प्रचण्ड नेतृत्वको सरकार ढाल्नु परेको तर्क गरिएको थियो । अर्थात् निर्णय सरकार ढाल्ने भइरहँदा तर्क चाहिँ राजनीतिक स्थायित्वको भनिदै थियो । सरकारको वर्षदिन पुग्दा प्रचण्डले उही पुरानै तर्क सम्झिएका छन्– यो सरकार गठनको उद्देश्य सुशासनको यात्रा रोक्नु हो । प्रचण्डले गर्वका साथ आफ्ना पुरानै निष्कर्ष संसद् बैठकमा प्रस्तुत गरिरहँदा त्यसको प्रतिवाद गर्न सक्ने सामर्थ्य सत्तारूढ दलहरूमा देखिएन । बरू लागिरहेको आरोपको खण्डन गर्न सकस देखियो ।

प्रधानमन्त्री ओलीसँगै जहाज चढेर भिजिट भिषामा स्पेन गएकाहरू उतै लुकेको तथ्यलाई विपक्षीहरूले संसद्मा उठाइरहेका छन् । भिजिट भिसा घुस प्रकरणमा गृहमन्त्री रमेश लेखकमाथि छानबीनको माग राखेर रास्वपा र राप्रपाले लगातार संसद् बहिष्कार गरिररहेकै छन् । पारदर्शिताकै विषय उठाएर शिक्षामन्त्रीबाट विद्या भट्टराईले राजीनामा दिएकी थिइन् । अहिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले घुस डिल गरेको अडियो सार्वजनिक भएको छ । उक्त अडियोमा मन्त्री गुप्ताले अर्का मन्त्री बलराम अधिकारीलाई पनि मुछेका छन् । तर घुस सम्वादको अडियो छरपस्ट हुँदा पनि प्रधानमन्त्री ओलीले मन्त्री गुप्तालाई जोगाएर राखेका छन् । अरू सूचकहरूमा पनि सरकारको प्रशंसा हुन सक्ने स्थिति छैन । केबल प्रधानमन्त्रीको दावी र आश्वासन बाहेक जनता आशस्त हुने ठाउँ छैन । त्यसैले विपक्षी नेता प्रचण्डको तर्कप्रति आम नागरिकको विश्वास बढ्ने अनुमान लगाउन सक्छौं । यसतर्फ प्रधानमन्त्री ओलीलाई सत्ता साझेदार नेताहरूले जिम्मेवार बनाउन आवश्यक छ ।

# नेपाली राजनीतिमा नैतिकता

*राजनीतिक दलभित्र अनुशासन र आन्तरिक लोकतन्त्रको अभाव मुख्यरूपमा नैतिक पतनको कारण हो, नेताहरूले आलोचना स्वीकार गर्दैनन्, न त आफूलाई सुधार्ने प्रयास गर्छन्...*

अग्रलेख



● ईश्वर बुढाथोकी

राजनीति भनेको केवल सत्ता र शक्ति प्राप्तिको साधन मात्र होइन, यो जनसेवा, निष्ठा, आदर्श र उच्च मानवीय मूल्यहरूमा आधारित अभ्यास पनि हो भन्ने मान्यता विश्वभर फैलिएको छ । तर, नेपाली सन्दर्भमा राजनीतिमा नैतिकताको अवस्था निकै कमजोर र चिन्ताजनक देखिन्छ । यहाँ राजनीति जिम्मेवारीको माध्यम बन्नुको सट्टा शक्तिको केन्द्र बन्न पुग्दछ । सिद्धान्त, विचार, आदर्श र जनहितका नाराहरू केवल चुनावी अस्त्र बनेका छन्, व्यवहारमा तिनको छायासम्म पनि देखिँदैन । राजनीतिको मूल आत्मा हुनुपर्ने नैतिकता, आज अवसरवाद, भ्रष्टाचार, आडम्बर र बेइमानीको छायामा हराउँदै गएको छ ।

नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनाभएपछि राजनीतिक दलहरूले जनताका लागि काम गर्ने, लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउने र पारदर्शिता कायम गर्ने प्रतिबद्धता जनाए । तर, यथार्थमा ती प्रतिबद्धताहरू घोषणामा मात्र सीमित रहे । गणतन्त्रको स्थापनापछि जनतामा अझै ठूला आशा पलाएका थिए । सोचेका थिए कि अब दलहरू जनउत्तरदायी, पारदर्शी र नैतिक हुनेछन् । तर, उल्टै सत्ता प्राप्ति, भागबन्डा, सिन्डिकेट, आन्तरिक गुटबन्दी र व्यक्तिगत स्वार्थको खेल बढ्यो । जनता झन् निराश भए, राजनीति प्रति वितृष्णा फैलियो ।

नेपाली राजनीतिमा नैतिकता अभावका केही प्रमुख संकेतहरू छन् । पहिलो, चुनावका बेला नेताहरूले जनतालाई सपना देखाउँछन्- समृद्धिको, रोजगारको, शिक्षा र स्वास्थ्यको पहुँचको, तर चुनाव जितेपछि तिनले ती वाचा पूरा गर्नेतर्फ कुनै जिम्मेवारी लिने परिपाटी छैन । वाचा विपरीत काम गर्दा पनि कुनै लाज, डर वा संकोच देखिन्न । दोस्रो, अनेक घोटालाहरू - चाहे त्यो बालुवाटारको जग्गा काण्ड होस्, ओम्नी काण्ड होस्, सुन तस्करी, सवारी साधन खरिद वा कोरोना परीक्षण र औषधी खरिद - यसले देखाउँछ कि सत्तामा पुग्ने बित्तिकै नेताहरू नैतिकताको सिमाना तोड्न तत्पर हुन्छन् । यस्ता घटनामा संलग्न नेताहरू कानुनी सजाय त परै जाओस्, पार्टीभित्र समेत प्रश्नको घेरामा पर्दैनन् । राजनीतिक दलभित्र अनुशासन र आन्तरिक लोकतन्त्रको अभाव नैतिक पतनको अर्को कारण हो । नेताहरूले आलोचना स्वीकार गर्दैनन्, न त आफूलाई सुधार्ने प्रयास गर्छन् । जो आलोचना गर्छ, ऊ गद्दार ठहरिन्छ । यस्तो वातावरणमा स्वस्थ राजनीतिक अभ्यास सम्भव हुँदैन । नयाँ पुस्ताका नेताहरू पनि पुराना अनुशासनहीन र नैतिक विहीन अभ्यासकै अनुकरण गर्दै बढिरहेका छन् । यसले राजनीतिलाई पवित्र अभ्यासबाट विचलित गरिदिएको छ ।

लोकतन्त्रमा जनप्रतिनिधि जनताको विश्वासपात्र हुनुपर्ने हो । तर, नेपालमा त्यस्ता प्रतिनिधि पटक-पटक दल बदल गर्ने, सिद्धान्तभन्दा सत्तालाई रोज्ने, अयोग्य, तर शक्तिशाली नेताको चाकरी गर्नेजस्ता प्रवृत्तिमा रमाउँछन् । विचारभन्दा व्यक्तिको पछाडि लाग्ने प्रवृत्तिले राजनीतिक संस्कार बिग्रिएको छ । राजनीतिक दलको मूल मूल्य र विचार हराउँदै जानु, अस्थिर गठबन्धन र आफ्नै भनाइको विरोधमा उभिनु नैतिक विचलन हो ।

राजनीतिक नियुक्तिमा पनि नैतिकताको ह्रास छर्लङ्ग देखिन्छ । योग्यता र दक्षताको सट्टा आफ्ना नजिकका कार्यकर्तालाई प्रमुख पदमा नियुक्त गर्ने, राज्यका संस्थाहरूमा आसेपासे भर्ना गर्ने चलन सामान्य भइसकेको छ । यसले जनताको विश्वास खोसिएको छ र राज्यको संयन्त्र कमजोर भएको छ । दलहरूको स्वार्थपूर्ति गर्ने साधन बनेका छन् नियामक निकायहरू, आयोगहरू र प्रशासनिक संरचनाहरू । जब राज्य नै पक्षपाती र अक्षम बनाइन्छ, तब राजनीति प्रति नै मानिसमा वितृष्णा आउँछ ।

नैतिकताको कमजोर अवस्थाको अर्को लक्षण भनेको सार्वजनिक जीवनमा पारदर्शिताको अभाव हो । नेताहरूले सम्पत्ति विवरण सार्वजनिक गर्ने नाममा झूटो विवरण बुझाउने, विदेशी यात्रा र तिनको खर्च सार्वजनिक



नगर्ने, आन्तरिक पार्टी निर्णयहरू गुपचुप राख्नेजस्ता कार्यले जनतालाई अन्धकारमा राखिन्छ । जब जनताले जनप्रतिनिधिको कार्यशैली बुझ्न सक्दैनन्, तब लोकतन्त्रको आत्मा मर्छ । यही मरेको आत्मा हो - जुन आज नेपाली राजनीतिमा देखिन्छ ।

राजनीति एउटा यस्तो क्षेत्र हो, जसले समाजमा आदर्श प्रस्तुत गर्नुपर्छ । शिक्षकजस्तै, राजनीतिज्ञले पनि आचरणले जनतालाई शिक्षा दिनुपर्छ । तर, जब राजनीतिज्ञ नै भ्रष्ट, कपटी, असंवेदनशील र आत्म केन्द्रित देखिन्छ, तब समाजमा निराशा फैलिन्छ । जब नेताले झूट बोल्न, वाचा उल्लंघन गर्न, अपशब्द प्रयोग गर्न लाज मान्दैनन्; जब संसद् जस्तो गरिमामय थलो गालीगलौज र शक्ति प्रदर्शनको केन्द्र बनाइन्छ, तब त्यसले नैतिक क्षरणलाई संस्थागत बनाउँछ । यस्तो अवस्थामा हामीले के गर्न सक्छौं ? समाज र जनताको चेतना नै आजको प्रमुख आधार हो । राजनीतिमा नैतिकता फर्काउने जिम्मा अब सचेत नागरिक, शिक्षित युवा र स्वच्छ सामाजिक अभियानहरूको काँधमा आएको छ । दलहरूको काम नियाल्ने, गलत कदमको प्रतिवाद गर्ने, सही अभ्यासलाई प्रोत्साहन गर्ने कार्यले मात्र राजनीति शुद्ध गर्न सकिन्छ । विद्यार्थी, पत्रकार, नागरिक समाज र स्वतन्त्र बौद्धिक वर्गले राजनीति प्रतिको मौनता तोड्नै पर्छ । प्रश्न सोध्न, जवाफ माग्न र विकृत अभ्यासको विरोध गर्न डराउनु हुँदैन ।

अर्को महत्वपूर्ण कुरा, राजनीतिक दलहरूभित्र सुधार अभियान सुरु हुनु आवश्यक छ । हरेक दलले आफ्नो कार्यशैली पुनरावलोकन गर्नुपर्छ - के हामी सिद्धान्तमा हिँडिरहेका छौँ, कि केवल सत्ता प्राप्तिमा रमाइरहेका छौँ ? अनुशासनको कडाइ, भ्रष्टाचारमा शून्य सहनशीलता, जनतासँग साक्षात्कार गर्ने अभ्यास, सम्पत्तिको पारदर्शिता, गुटभन्दा विचारप्रति निष्ठा - यस्ता कदमहरूबाट दलहरू सुध्रन सक्नेछन् । यदि राजनीतिक दलहरू स्वयं सचेत भएनन् भने जनता वैकल्पिक शक्ति खोज्न थाल्नेछन् र त्यो शक्ति परिपक्व नहुन पनि सक्छ - जसले झनै लोकतान्त्रिक संकट निम्त्याउनेछ ।

सञ्चारमाध्यमको भूमिका पनि उल्लेखनीय छ । राजनीतिमा नैतिक मूल्यहरू प्रवर्द्धन गर्न सञ्चारले जनतालाई सूचना दिन, नेताको परीक्षण गर्न र चेतना फैलाउन सहयोग गर्नुपर्छ । तर जब सञ्चार पनि पक्षपाती

> *राजनीतिमा नैतिकता भनेको केवल नेताको निजी गुण होइन, यो समग्र लोकतान्त्रिक व्यवस्थाको मेरूदण्ड हो । जब नैतिकता गुम्छ, तब राजनीति अपराधीककरणतर्फ जान्छ, विश्वास गुम्छ, सामाजिक संरचना भत्किन्छ र लोकतन्त्र खाली नाम मात्रको बन्छ...*

र स्वार्थी हुन्छ, तब नागरिकमा भ्रम फैलिन्छ । त्यसैले स्वतन्त्र, तथ्यमा आधारित र नैतिक पत्रकारिताको अभ्यास हुनुपर्छ ।

शिक्षाको भूमिकालाई पनि नजरअन्दाज गर्न सकिन्न । विद्यालयदेखि विश्वविद्यालयसम्म राजनीति केवल चुनाव वा दलको चर्चा होइन, आदर्श, जनसेवा, निष्ठा, उत्तरदायित्व, मानव अधिकार र सुशासनका कुरा पढाइनु आवश्यक छ । राजनीति केवल नेताहरूको कुरा होइन, हरेक नागरिकको सरोकार हो भन्ने चेतना शिक्षाबाट फैलाउन सकिन्छ ।

राजनीतिमा नैतिकता भनेको केवल नेताको निजी गुण होइन, यो समग्र लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड हो । जब नैतिकता गुम्छ, तब राजनीति अपराधीककरणतर्फ जान्छ, विश्वास गुम्छ, सामाजिक संरचना भत्किन्छ र लोकतन्त्र खाली नाम मात्रको बन्छ । नेपालमा यस्ता संकटका लक्षण देखिइसकेको छ, अब सुधार नगरे घातक परिणाम आउन सक्छन् ।

त्यसैले आजको आवश्यकता स्पष्ट छ - राजनीतिलाई पुनः निष्ठा, सत्य निष्ठा, पारदर्शिता र जनप्रतिनिधित्वको आत्मामा फर्काउनु । यो सहज छैन, तर असम्भव पनि होइन । जब नागरिक जागरूक हुन्छ, जब युवा पीढी नैतिक नेताहरू रोज्छन्, जब दलभित्र सुधारको आवाज उठ्छ, तब नेपाली राजनीतिमा नैतिकताको सूर्य फेरि उदाउन सक्छ । यही आशामा हामी सबैले प्रयास गर्नुपर्छ - किनभने देश केवल योजनाबाट होइन, आदर्श र आचरणबाट बन्छ ।

## इतिहासमा आज

१५ जुलाई २००६ मा विश्वको सबैभन्दा ठूलो सामाजिक सञ्जाल प्लेटफर्महरू मध्ये एक ट्विटरको सुरुवात भएको थियो ।




१५ जुलाई २००९ मा क्यास्पियन एयरलाइन्सको उडान ७९०८ इरानको काजभिनको जन्नताबाद नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा १६८ जनाको मृत्यु भएको थियो ।



१५ जुलाई २०१२ मा दक्षिण कोरियाली ऱ्यापर साइले आफ्नो हिट एकल 'गंगनम स्टाइल' रिलिज गरेका थिए ।



१५ जुलाई २०१४ मा मस्को मेट्रोमा रेल पटरीबाट खसेको थियो । जुन दुर्घटनामा कम्तिमा २४ जनाको मृत्यु भएको थियो भने १६० भन्दा बढी घाइते भएका थिए ।



# सूचना प्रविधिमा संवेदनशीलता

विचार



● अपूर्व नेपाल

> *नेपालजस्तो मुलुकका लागि सूचना प्रविधिको उपयोग अवसरका रूपमा आएको छ, तर सुरक्षासँग सम्बन्धित चेतना र संरचना कमजोर भएकाले जोखिम पनि बढिरहेको छ । सरकारी तथा निजी कार्यालयहरूमा आवश्यक सफ्टवेयर, डाटाबेस प्रणाली वा अनलाइन सेवाहरूको सुरक्षामा पर्याप्त ध्यान दिन नसकेको देखिन्छ...*

सूचना प्रविधिको तीव्र विकासले मानव जीवनका हरेक पाटोलाई गहिरोसँग प्रभावित पारेको छ । सञ्चार, शिक्षा, प्रशासन, व्यापार, बैंकिङ, सुरक्षादेखि लिएर व्यक्तिगत जीवनका व्यवहारसम्म सूचना प्रविधिबिना सम्भव नहुने अवस्थामा पुगेका छन् । यस्तो अवस्थामा सूचना प्रविधिमा देखिएको संवेदनशीलता गम्भीर चिन्ताको विषय बनेको छ । सूचनाको सुरक्षाबाट लिएर निजताको हनन, साइबर आक्रमण, झुटा समाचार तथा प्रविधिमार्फत हुने सामाजिक विभाजनसम्मका विषयहरू सूचना प्रविधिसँग प्रत्यक्ष जोडिएका छन् । प्रविधिले अनेक सुविधा दिएको भए पनि यसका सन्दर्भमा देखिने संवेदनशीलता नसम्झिँदा ठूलो सामाजिक, आर्थिक र राजनीतिक क्षति हुने सम्भावना छ ।

आजको युगमा डाटा नै सबैभन्दा मूल्यवान सम्पत्ति हो भन्ने भनाइ स्थापित हुँदै गएको छ । राज्य, संस्था वा व्यक्ति जुनसुकै तहको होस्, प्रविधिबाट सञ्चालित प्रणालीमा डाटाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । यस्ता डाटा लिक हुनु, चोरी हुनु वा दुरुपयोग हुनु सूचना प्रविधिको संवेदनशील पक्ष हो । विभिन्न एप, वेबसाइट वा सफ्टवेयरहरू प्रयोग गर्दा हामीले आफ्ना व्यक्तिगत विवरणहरू जानी-नजानी उपलब्ध गराउँछौं, जुन सधैं सुरक्षित रहन्छ भन्ने ग्यारेन्टी हुँदैन । अझ सरकारका महत्वपूर्ण निकायहरूबाटै नागरिकको व्यक्तिगत विवरण बाहिरिएको खबर बारम्बार सार्वजनिक भइरहँदा यसको गम्भीरतालाई महसुस नगरी बस्न मिल्दैन ।

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि सूचना प्रविधिको उपयोग अवसरका रूपमा आएको छ, तर सुरक्षासँग सम्बन्धित चेतना र संरचना कमजोर भएकाले जोखिम पनि बढिरहेको छ । सरकारी तथा निजी कार्यालयहरूमा प्रयुक्त सफ्टवेयर, डाटाबेस प्रणाली वा अनलाइन सेवाहरूको सुरक्षामा पर्याप्त ध्यान नदिइएको देखिन्छ । कमजोर पासवर्ड, अपडेट नगरेका प्रणाली, असुरक्षित सर्भर वा अनधिकृत पहुँचजस्ता कमजोरीका कारण राज्यका महत्वपूर्ण सूचना सजिलै लिक हुने अवस्था सिर्जना भइरहेको छ । त्यस्ता सूचनाको दुरुपयोगबाट न त व्यक्ति सुरक्षित रहन्छ, न राज्य नै ।

साइबर आक्रमणको खतरा पनि बढ्दो छ । व्यक्तिगत ह्याकिङ, वेबसाइट डाउन पार्ने डिडोस आक्रमण, फिसिङ इमेलमार्फत ठगी, क्रिप्टो मालवेयर आक्रमण आदि नेपालमा पनि बारम्बार देखिन थालेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको प्रणाली नै बन्द हुने, ग्राहकको रकम हराउने, नक्कली एपमार्फत ठगिनेजस्ता घटना अब सामान्य बन्दै गएका छन् । यस्ता घटना सूचना प्रविधिमा सतर्कता र संवेदनशीलता आवश्यक रहेको संकेत हुन् । तर, सरकारले साइबर सुरक्षालाई अझै प्राथमिकतामा राखेको देखिँदैन । राष्ट्रिय साइबर सुरक्षा नीति भए पनि त्यसको प्रभावकारी कार्यान्वयन देखिँदैन । न त प्रविधि प्रयोगकर्तामा पर्याप्त चेतना छ, न त कानुनी संरचना नै दुरुस्त छ ।

सूचना प्रविधिमा संवेदनशीलताका कारण सिर्जत हुने अर्को समस्या सामाजिक सञ्जालको गलत प्रयोग हो । फेसबुक, युट्युब, टिकटक, एक्सजस्ता माध्यमले अभिव्यक्तिको स्वतन्त्रता बढाएका छन्, तर यही स्वतन्त्रताको नाममा झुटा सूचना फैलिने, व्यक्तिगत चरित्रहत्या हुने, सामाजिक द्वेष बढ्ने, अफवाह फैलिने र समाजमा अराजकता निम्तिने अवस्था बनेको छ ।

निजताको हक प्रविधिको विकाससँगै चुनौतीमा परेको अर्को संवेदनशील पक्ष हो । मोबाइल एप, स्मार्ट टिभी, ब्राउजर वा सर्च इन्जिनहरूले प्रयोगकर्ताको रुचि, लोकेसन, बानी-व्यवहारसम्बन्धी डाटा संकलन गर्छन्, जुन डाटा विज्ञापनदातालाई बेचिन्छ वा विश्लेषण गरिन्छ । यस्ता प्रक्रिया पारदर्शी नहुँदा प्रयोगकर्ताको अधिकार हनन हुन्छ । अझ कतिपय एपले अनावश्यक अनुमति मागेर प्रयोगकर्ताको फोटो, कन्ट्याक्ट, मेसेज र लोकेसनजस्ता निजी डाटामाथि नियन्त्रण जमाउने गर्छन् । यो प्रवृत्तिले डिजिटल उपनिवेशको खतरा पनि बोकेको छ ।

सूचना प्रविधिको संवेदनशीलताका कारण शिक्षा क्षेत्रमा समेत चुनौती देखिन थालेको छ । कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरी निबन्ध, प्रोजेक्ट वा अनुसन्धान तयार पार्ने प्रवृत्तिले विद्यार्थीको मौलिकता मर्न थालेको छ । कपी-पेस्ट संस्कृतिले शिक्षाको गुणस्तरमा प्रश्न उठाउन थालेको छ ।

यसैगरी, सूचना प्रविधिको संवेदनशीलता श्रम बजार, कानुनी प्रणाली, प्रशासनिक कामकाज र राजनीतिक सञ्जालमा समेत प्रत्यक्ष प्रभाव पारिरहेको छ । प्रविधिको सहयोगमा निर्वाचन, जनगणना, राहदानी, नागरिकता वितरणजस्ता काम सहज भए पनि यिनको सुरक्षामाथि प्रश्न उठिरहेका छन् । कुनै पनि प्रणालीमा देखिएको त्रुटि वा कमजोरीले व्यापक असर पार्न सक्छ । सूचनाको गोपनीयता, अखण्डता र उपलब्धता सुनिश्चित नगरी प्रविधिमाथि निर्भर हुनु घातक हुन सक्छ ।

नेपालले सूचना प्रविधिमा देखिने संवेदनशीलतालाई गम्भीरतापूर्वक लिनु जरुरी छ । प्रविधिमा आधारित शासन प्रणाली विकास गर्दै गर्दा सुरक्षालाई उपेक्षा गर्नु आत्मघाती हुन्छ । साइबर सुरक्षा रणनीति मात्र बनाएर पुग्दैन, त्यसलाई सशक्त कार्यान्वयन गर्न सक्ने दक्ष जनशक्ति, प्रविधिगत पूर्वाधार र कानुनी संयन्त्र आवश्यक पर्छ । नागरिकमा चेतना बढाउने, विद्यालयदेखि विश्वविद्यालयसम्म डिजिटल नागरिकता र सूचना सुरक्षा पढाउने, सरकारी र निजी संस्थामा सूचना प्रविधि सुरक्षाका मापदण्ड लागू गर्ने जस्ता पहल आवश्यक छन् । सूचना प्रविधि हाम्रा लागि अवसर हो, तर यो अवसरलाई संकटमा नपरुन् भनेर संवेदनशीलता बुझ्ने र त्यसअनुसार नीति, संरचना र आचरण तयार गर्नु आजको आवश्यकता हो ।

**(लेखक नेपाल, साइवर विज्ञ हुन् ।)**

## सामाजिक सञ्जाल



**रञ्जित तामाङ**

संविधानले निःशुल्क देऊ भनेको विद्यालय शिक्षा निजी क्षेत्रको पोल्टामा हालेको छ । भएको एउटा त्रिभुवन विश्वविद्यालय धोती न टोपी, इजार न कन्दनीको हालतमा छ । बाउको पालामै थोत्रो भएको पाठ्यक्रम पढाउँछ । अनि प्रधानमन्त्रीज्यू फलाक्नुहुन्छः चाँडो बिहे गरेर तीन वटा बच्चा जन्माऊ ! थैट !



**निर्मल प्रसाईं**

मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न बिचौलियासँग सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले ५३ लाख घुस रकम लिएको दुई झोला, नोटका नम्बर र फोटोसहित अख्तियारमा उजुरी पर्दा पनि मौनता मात्रै छ, कारबाही र बर्खास्त छैन । कहाँ मऱ्यो नैतिकता ? कहाँ मऱ्यो निष्ठा ?



**प्रेम घर्ती मगर**

मधेस टुक्र्याएर बिहारमा गाभ्छु भन्नेलाई नछुने सरकारले 'श्री ५ को सरकार' लेखेकै भरमा पक्राउ गर्छ । लोकतन्त्रमा सबैलाई आ-आफ्नो आस्था राख्ने नैसर्गिक अधिकार छ । राजा मान्न पाइन्छ र नमान्न पनि ! हेक्का रहोस्, राजाप्रति आशक्ति राखेकै भरमा पक्राउ गर्नु गणतन्त्र आफैको लागि खतरा हो ।



**उतम बाबु श्रेष्ठ**

नैतिक व्यवस्था नभएको समाजमा तर्कहरू थिग्रने, नभई अनन्तसम्म तैरिरहने हुँदा रहेछन् । त्यस्तो समाजमा सही र गलत छुट्टाउने वस्तुनिष्ठ मापदण्ड हराउने रहेछ । त्यहाँ बहस यति लम्बिँदो रहेछ कि त्यसले आक्रोश र ध्रुवीकरण निम्त्याउने रहेछ । नेपाली समाजमा अहिले भइरहेको यही त हो ।

# नबिल बैंक लिमिटेडका तपसिलमा उल्लिखित ऋणीहरुले उपभोग गरेको ऋणकर्जाको सुरक्षणमा जमानतको लिखत लेखिदिने तपसिलका जमानीकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने, गराउने तथा कालोसुचिमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/३१)**

यस बैंकबाट ऋणकर्जा उपभोग गर्नु भएका तपसिल बमोजिमका ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अर्न्तगत प्रवाहित ऋणकर्जा उपभोग गर्दाका बखत उक्त कर्जाको सुरक्षण बापत तपाई तपसिलमा उल्लिखित जमानीकर्ताहरुले व्यक्तिगत जमानीको लिखत लेखिदिनु भएको सम्बन्धमा तपाईहरु पूर्व जानकार, सचेत तथा सु-सूचित नै हुनुहुन्छ । तसर्थ, यस बैंकका तपसिलमा उल्लिखितका ऋणीहरुले यस बैंकबाट ऋणकर्जा उपभोग गर्दाका बखत बैंकलाई लेखिदिएको लिखत, तमसुक र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको सम्पूर्ण लेना रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक-पटक तर-ताकेता गरी सो कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत सो प्रति बेवास्ता, आलटाल, अटेर, किचलो तथा धिड्न्याई गरी चासो नदेखाई ऋणको दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी तपसिलका ऋणीहरुको नाममा यसअघि विभिन्न मितिहरुमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी कर्जा भुक्तानी गर्न/गराउनका लागि पर्याप्त समय तथा मौका प्रदान गरिंदा तथा ऋणीले बैंकबाट उपभोग गरेको ऋणकर्जाको धितो सुरक्षण बापत बैंकको नाममा लेखि लेखाईएको धितो सुरक्षणको लिलाम बिक्री गरी सो बाट प्राप्त रकमले बैंकको सम्पूर्ण ऋणकर्जा असुल उपर नभई अझै बाँकी बक्यौता रहेको र सो बक्यौता ऋणकर्जा ऋणीले हालसम्म चुक्ता भुक्तानी नगरेको व्यहोरा सम्बन्धित सबैलाई यसै सुचना मार्फत जानकारी गराउँदछौं ।

ऋणीले बैंकको ऋणकर्जा चुक्ता भुक्तान नगरेको अवस्थामा/नगरेमा सो कर्जा वापतको सम्पूर्ण रकम कलमहरु अर्थात सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर तिर्ने बुझाउने जिम्मेवारी, जवाफदेहिता तथा दायित्व जमानत दिने व्यक्तिको हुने तथा चुक्ता भुक्तानी हुन नसकेको अवस्थामा उक्त ऋणकर्जाको जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिने हुँदा तपसिलमा उल्लेख गरिएका ऋणीहरुले यस बैंकलाई तिर्न बुझाउन बाँकी कर्जा, साँवा तथा सो मा लाग्ने ब्याज लगायत अन्य दै दस्तुर चुक्ता भुक्तानी नगरेकाले गर्दा तपाई तपसिलमा उल्लेख गरिएको जमानीकर्ताहरुको नाममा यो सूचना जारी गरिएको छ । यस बैंकका तपसिलका ऋणीहरुले यस बैंकको बक्यौता ऋणकर्जा नतिरी आलटाल, किचलो, बेवास्ता, अटेरी गरेकाले सो कर्जा चुक्ता भुक्तान गर्ने तथा गराउने सम्पूर्ण दायित्व तथा जिम्मेवारी तपाई जमानीकर्ताहरुको भएको हुँदा यो सुचनाको अवधिभित्रैमा तपाई सम्बन्धित जमानीकर्ताहरुले जमानत लेखिदिनु भएको सम्बन्धित ऋणीले बैंकलाई तिर्न बुझाउन बक्यौता रहे को सम्पूर्ण ऋणकर्जा लगायत ब्याज रकम यो सूचना प्रकाशित भएको मितिले **९० दिन** भित्र चुक्ता भुक्तानी गर्नु/गराउनुहुन अनुरोध गर्दछौं । अन्यथा, तपाई जमानीकर्ताहरुलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सो को संशोधित व्यवस्था बमोजिम कर्जा सुचना केन्द्र लि. को कालोसुचिमा समावेश गरिने व्यहोरा जानकारी गराउँदछौं । तपाई जमानीकर्ताहरुले उपरोक्त सुचना बमोजिम यस बैंकलाई तिर्नु भुक्तानी गर्नु पर्ने ऋण कर्जाको साँवा, ब्याज, चुक्ता भुक्तान नगरे नगराएमा ऋणी एवं जमानतकर्ताको घरघरानाका चल अचल, जायजेथा श्रीसम्पत्तिहरु समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित सम्बद्ध ऐन, कानून बमो जिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै ऋण कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । पछि ऋणीले उपभोग गरेको उपरोक्त बमोजिमको ऋणकर्जाको सम्बन्धमा बैंकले हामी जमानीकर्ताहरुलाई कुनै थाह, जानकारी, सुचना दिएको छैन वा थाह, जानकारी, सुचना पाइन भनी जिकिर, दावी गर्न पाउनुहुने छैन । सो गरे भनेमा तपाईहरुको सम्पूर्ण माग, दावी, जिकिरहरु यसै सुचनाद्धारा अमान्य भई जानेछ ।

**तपसिल**

| | जमानीकर्ताहरुको नाम, थर, तिन पुस्ते विवरण, ना.प्र.नं., जारी मिति र ठेगानाको विवरण | सम्बन्धित ऋणीहरुको नाम, थर, तिन पुस्ते विवरण, ना.प्र.नं., जारी मिति र ठेगानाको विवरण |
|---|---|---|
| १. | १. जोखुप्रसाद पाण्डेको नाति रमाकान्त पाण्डेयको छोरा रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स वडा नं २ बस्ने नागरिकता नं.३७-०१-६९-०६१९८ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही मिति : बि.सं. २०६९/१२/१३ भएको **विशाल पाण्डेय ।**<br>२. केशव मिश्राकी छोरी, जोखप्रसाद पाण्डेकी बुहारी, रमाकान्त पाण्डेयकी श्रीमती रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स वडा नं. २ बस्ने , ना.प्र.नं. ३३०८ (जारी मिति: २०६०/०३/२०, स्थान रुपन्देही) भएकी **बिन्दु पाण्डेय ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/१०/०६, नयाँ पत्रिका<br>**ऋणी फर्म:** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा, मिति २०६६/०७/०९ मा प्रा.फ.र.नं २४०७२/०६६ अन्तर्गत दर्ता भएको बाबा **बैधनाथ हार्डवयेर ।**<br>ठेगाना: रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स वडा नं २ ।<br>**ऋणी फर्मका प्रोप्राईटर:**<br>लखपत पाण्डेयको नाति जोखु प्रसाद पाण्डेको छोरा रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं २ बस्ने नागरिकता नं.१०९१ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति: बि.सं. २०४४/१२/२१ भएको **रमाकान्त पाण्डेय ।** |
| २. | १. सिताराम प्रसाद शाहकी छोरी, हरीनाथ प्रसाद शाहकी बुहारी, अशोक प्रसाद शाहकी श्रीमती, सर्लाही जिल्ला पिडारी गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ७३१५१९०८ (जारी मिति: २०५८/१२/१४, स्थान सर्लाही) भएकी **हेलन शाह ।**<br>२. वनारसी शाहको नाति, हरीनाथ प्रसाद शाहको छोरा, सर्लाही जिल्ला पिडारी गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ७३१४१६०१ (जारी मिति: २०४९/०५/०७, स्थान सर्लाही) भएको **अशोक प्रसाद शाह ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/०४/२९, आर्थिक दैनिक पत्रिका<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/१२ मा दर्ता नं. २५३७८२/०७७/०७८ अन्तर्गत दर्ता भएको शाह ग्रप अफ आर्किटेक्चर प्रा.लि. ।<br>ठेगाना: काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३१, प्रयाग मार्ग, शान्तिनगर काठमाडौं ।<br>**ऋणी फर्मका संचालक:**<br>हरीनाथ प्रसाद शाहको नाति, अशोक प्रसाद शाहको छोरा, सर्लाही जिल्ला हरिपर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १९-०१-७४-००१०१ (जारी मिति: २०७४/०१/०६, स्थान सर्लाही) भएको **आयूष शाह ।** |
| ३. | १. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मिति: २०६८/०६/०४, स्थान बाँके) भएकी निशा विष्ट ।<br>२. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मिति: २०३८/१०/०६, स्थान बाँके) भएकी सुधा सिंह । | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/१०/१५, आर्थिक दैनिक पत्रिका<br>**ऋणी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०३/१५ मा दर्ता नं. १ ९२६२३/७४/०७५ अन्तर्गत दर्ता भएको अटो -यान्त्र प्रा. लि ।<br>ठेगाना: बाँके जिल्ला नेपालगंज उ.म.न. पा. वडा नं. २०, नेपालगंज, बाँके ।<br>**कम्पनीका सञ्चालकको नाम र ठेगानाको विवरण:**<br>बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मिति: २०६१/०३/१४, स्थान बाँके) भएका **अपूर्व सिंह ।** |
| ४. | १. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मिति: २०६८/०६/०४, स्थान बाँके) भएकी **निशा विष्ट ।**<br>२. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मिति: २०३८/१०/०६, स्थान बाँके) भएकी **सुधा सिंह ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/१०/१५, आर्थिक दैनिक पत्रिका<br>**ऋणी फर्म: प्राईभेट** फर्म रजिष्ट्रेशन ऐन २०७६ बमोजिम प्रदेश सरकार,लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाँकेमा मिति २०७९/०३/०३ मा प्रा.फ.नं ११०१९-११-२०७८/७९ अन्तर्गत दर्ता भएको **लक्स रेस्टुरेन्ट एण्ड बार ।**<br>ठेगाना: बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. २, नेपालगंज, बाँके ।<br>**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:**<br>बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मिति: २०६१/०३/१४, स्थान बाँके) भएका अपूर्व सिंह । |
| ५. | १. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मिति: २०६८/०६/०४, स्थान बाँके) भएकी **निशा विष्ट ।**<br>२. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मिति: २०३८/१०/०६, स्थान बाँके) भएकी **सुधा सिंह ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/१०/१५, आर्थिक दैनिक पत्रिका<br>**ऋणी :** बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मिति: २०६१/०३/१४, स्थान बाँके) भएका **अपूर्व सिंह ।** |
| ६. | तिर्थराज अधिकारीको नाति शिवराज अधिकारीको छोरा चितवन जिल्ला साविक चैनपुर गाउा पन्चायत वडा नं. ७ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ४/२०१३ (जारी मिति: २०४५/०१/०५, स्थान चितवन ) भएको **देवराज अधिकारी ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/०९/२६, नयाँ पत्रिका दैनिक<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०६/०५ मा दर्ता नं. १९९२२६/०७५/०७६ अन्तर्गत दर्ता भएको **सनराईज ह्याचरी प्रा. लि. ।**<br>ठेगाना: चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २, चैनपुर ।<br>**कम्पनीका सञ्चालकको नाम र ठेगानाको विवरण:**<br>गंगा प्रसाद पाण्डेकी छोरी शिवराज अधिकारीकी बुहारी देवराज अधिकारीकी श्रीमती चितवन जिल्ला साविक वीरेन्द्रनगर गाउा पन्चायत वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. १००८/०४४/०४५ (जारी मिति: २०५३/०४/२३, स्थान चितवन) भएकी **सरिता पाण्डे ।** |
| ७. | १. सामरथि बानियाको नाति जोगेन्दर बनियाको छोरा रुपन्देही जिल्ला पडसरी गा.वि.स वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. २ बस्ने, ना.प्र.नं. ३७१०२०/३८२४७ (जारी मिति: २०६६/०१/०३, स्थान रुपन्देही) भएका **राजेश अग्रहरी ।**<br>२. समरथि बानियाको नाति जोगेन्दर बनियाको छोरा रुपन्देही जिल्ला पडसरी गा.वि.स वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. २ बस्ने, ना.प्र.नं. ३७१०२०/४८८७४ (जारी मिति: २०६९/०५/२७, स्थान रुपन्देही) भएका **अकेश अग्रहरी ।**<br>३. सिताराम बानियाकी छोरी समरथि बानियाकी बुहारी जोगेन्दर बनियाकी श्रीमती रुपन्देही जिल्ला पडसरी गा.वि.स वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. २ बस्ने ना.प्र.नं. ४१६९ (जारी मिति: २०६१/११/०६, स्थान रुपन्देही) भएकी **राज कुमारी बनिया ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/११/११, आर्थिक दैनिक पत्रिका<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०४/१८ मा दर्ता नं. २९५२९८/०७९/०८० अन्तर्गत दर्ता भएको सिद्धार्थ एग्रो एण्ड फुड प्रोसेसिङ्ग प्रा. लि ।<br>ठेगाना: रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०४, उद्धोगपुरी, रुपन्देही ।<br>**कम्पनीका सञ्चालकको नाम र ठेगानाको विवरण:**<br>बन्धु बानियाको नाति समरथि बानियाको छोरा रुपन्देही जिल्ला हाटि फर्साटिकर गा.वि.स वडा नं. २ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. २ बस्ने, ना.प्र.नं. ३७/८/३०२६ (जारी मिति: २०४६/१२/२५, स्थान रुपन्देही) भएका **जोगेन्दर बनिया ।** |
| ८ | १. पुष्पराज ढकालको नाति बैकुण्ठ ढकालको छोरा सिन्धुली जिल्ला डाँडागुरास गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं.४८५९ (जारी मिति: २०५३/०४/२१, स्थान: सिन्धुली) भएका **प्रकाश ढकाल ।**<br>२. नरपति बास्तोलाको नाति, श्री भिम प्रसाद बास्तोलाको छोरा सोलुखुम्बु जिल्ला नेचासल्यान गा.पा वडा नं.०४ स्थायी ठेगाना भई सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं.०४ बस्ने, ना.प्र.नं.६९१९/८१५ (जारी मिति: २०५३/०४/२४, स्थान: सिन्धुली) भएका **श्री फडिन्द्र प्रसाद बास्तोला ।**<br>४. कुमार प्रसाद अधिकारीको छोरी बैकुण्ठ ढकालको बुहारी प्रकाश ढकालको श्रीमती मोरङ जिल्ला विराटनगर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. ८ बस्ने, ना.प्र.नं. २८७१२ (जारी मिति: २०५३/०७/१९, स्थान: मोरङ) भएकी **रिमा अधिकारी ।**<br>५. विद्यापति के.सी.को नातिनी चन्द्र बहादुर क्षेत्रीको छोरी पर्वत जिल्ला घाइरिफ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३२२२५ ( जारी मिति: २०५८/०४/१५, स्थान: पर्वत) भएकी **शारदा के.सी. ।**<br>६. ज्ञान प्रसाद तिमल्सिनाकी छोरी भिम प्रसाद बास्तोलाकी बुहारी फडिन्द्र प्रसाद बास्तोलाकी श्रीमती ओखलढुंगा जिल्ला टोक्सेल वडा नं. ७ स्थायी घर भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. ४ बस्ने, ना.प्र.नं. ४५८०९/१४६२ (जारी मिति: २०५८/०९/२६, स्थान: ओखलढुंगा) भएकी **सिता कुमारी तिमल्सिना ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/१०/२६, नयाँ पत्रिका<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/११/०६ मा दर्ता नं. १६४०५५/०७३/०७४ अन्तर्गत दर्ता भएको **सुर्य एग्रीटेक प्रा. लि. ।**<br>ठेगाना: मोरङ जिल्ला विराटनगर उप. म. न. पा. वडा नं. ०३, विराटनगर, मोरङ । |
| ९ | बुद्धि लाल ताम्राकारको नाति जोग्य लाल ताम्राकारको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं १२ बस्ने नागरिकता नं. २८८५१२५, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ललितपुर, मिति : बि.सं. २०५३/१०/२०) भएको **विनोद ताम्राकार ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/०४/०१, आर्थिक अभियान दैनिक पत्रिका<br>**ऋणी फर्म:** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय ललितपुरमा, मिति २०६४/०१/१३ मा प्रा.फ.द.प्र.प.नं ८६४८/३४३/०६३/०६४, अन्तर्गत दर्ता भएको **नेपलिज हेण्डीकाफ्ट ।**<br>ठेगाना: ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं १२,पाटन औद्योगिक क्षेत्र, ललितपुर ।<br>**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:**<br>बुद्धि लाल ताम्राकारको नाति जोग्य लाल ताम्राकारको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं १२ बस्ने नागरिकता नं. ८७०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ललितपुर, मिति : बि.सं. २०३३/१०/३) भएको **मनोज ताम्राकार ।** |
| १० | १. बालकिशुन यादवको नाति पियारे यादवको छोरा रुपन्देही जिल्ला पडसरी गा.वि.स. वडा नं ३ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. २७२, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०३३/०६/०१) भएको **मातृका प्रसाद यादव ।**<br>२. राम लखन थारुकी छोरी शेषमन अहिरकी बुहारी राम भरत यादवकी श्रीमती रुपन्देही जिल्ला मानपकडी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ३७३०३१/७५, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०६३/११/२२) भएको **लक्ष्मी देवी यादव ।**<br>३. खशरथ यादवको नाति शेषमन अहिरको छोरा रुपन्देही जिल्ला सेमरा गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ६७७७३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०३९/१२/१३) भएको **राम वेलास यादव ।**<br>४. खशरथ यादवको नाति शेषमन अहिरको छोरा रुपन्देही जिल्ला सेमरा गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ३८९१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०६१/०४/१५) भएको **राम भरत यादव ।**<br>५. शेषमन अहिरको नाति राम वेलास यादवको छोरा रुपन्देही जिल्ला सेमरा गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ३७१०५४/१०८६०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०६७/०३/०४) भएको **रामेश्वर यादव ।**<br>६. नरेश अहिरकी छोरी शेषमन अहिरकी बुहारी, राम वेलास यादव श्रीमती रुपन्देही जिल्ला सेमरा गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ३/९३०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०४६/०३/०९) भएको **तारामती यादव ।**<br>७. देवलाल अहिरकी छोरी मातृका प्रसाद यादवकी बुहारी दिनेश यादवकी श्रीमती दाङ जिल्ला गेवरडिहा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. ५२२००१/११०३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: दाङ, मिति : बि.सं. २०६८/०२/२५) भएको **उर्मिला यादव ।**<br>८. पियारे यादवको नाति मातृका प्रसाद यादवको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. ३७-०१-७०-०५३१७, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०७०/०३/३०) भएको **उमेश यादव ।**<br>९. बेचन यादवकी छोरी पियारे यादवकी बुहारी मातृका प्रसाद यादवकी श्रीमती रुपन्देही जिल्ला पडसरी गा.वि.स. वडा नं ३ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. १/१५९, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०४६/०१/१९) भएको **गायत्री यादव ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०८०/०२/३२, कारोवार दैनिक पत्रिका<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१०/१९ मा दर्ता नं. २३३६५४/०७६/०७७ अन्तर्गत दर्ता भएको **मर्चवार कन्स्ट्रक्सन प्रा. लि. ।**<br>ठेगाना: रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ ।<br>**कम्पनीका संचालकहरुको नाम र ठेगानाको विवरण:**<br>पियारे यादवको नाति मातृका प्रसाद यादवको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. २/३१७९७, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०६३/०३/१२) भएको दिनेश यादव ।<br>शेषमन अहिरको नाति राम वेलास यादवको छोरा रुपन्देही जिल्ला सेमरा गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ८ बस्ने नागरिकता नं. ५९२०१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति : बि.सं. २०५८/०४/१६) भएको **राजेश्वर यादव ।** |
| ११. | राधेश्याम गुप्ताको छोरी बब्बन शाहको बुहारी राजेश शाहको श्रीमती झापा जिल्ला दमक न.पा. वडा नं. १२ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०६ बस्ने नागरिकता नं.०४-०२-७३-०३८३९ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा, मिति : बि.सं. २०७३/०९/११ भएको **निलम देवी शाह ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/०७/२१, नयाँ पत्रिका दैनिक<br>**ऋणी कम्पनी:** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/१२/२७ मा दर्ता नं. १३४५७२/०७१/०७२ अन्तर्गत दर्ता भएको पि. एट. एग्रीकल्चर प्रा. लि. ।<br>ठेगाना: झापा जिल्ला दमक न.पा. वडा नं. १० ।<br>**कम्पनीका संचालकको नाम र ठेगानाको विवरण:**<br>पञ्चानन्द शाहको नाति बब्बन शाहको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. १२ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ६ बस्ने नागरिकता नं.०४०३०४४-१४७३ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा, मिति : बि.सं. २०६३/१२/०९ भएका **राजेश शाह ।** |
| १२. | रामेश्वर प्रसाद चौधरीको छोरी राम राज कुर्मीको बुहारी ओम प्रकाश चौधरी कुर्मी श्रीमती कपिलवस्तु जिल्ला साविक वीरपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ६ बस्ने नागरिकता नं. १८५४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कपिलवस्तु, मिति : बि.सं. २०५२/०८/१८ भएका **वासमती चौधरी ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/०८/०९, नयाँ पत्रिका दैनिक<br>**ऋणी फर्म:** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, कपिलवस्तु नगरपालिका, कपिलवस्तु नगरपालिकाको कार्यालय, उद्योग विकास शाखामा मिति २०७४।१२।२८ मा प्र.फ.नं.घ.उ.का. ७५९८।०७४।०७५ अन्तर्गत दर्ता भएको **ओम काष्ठ उद्योग ।**<br>ठेगाना: कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ६ ।<br>**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण:**<br>रामकृपा कुर्मीको नाति राम राज कुर्मीको छोरा कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ६ बस्ने नागरिकता नं. ९/४७९/४/०६/५०५३८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कपिलवस्तु, मिति : बि.सं. २०४९/०५/२४ भएका **ओम प्रकाश चौधरी कुर्मी ।** |
| १३. | रामकृपा कुर्मीको नाति राम राज कुर्मीको छोरा कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ६ बस्ने नागरिकता नं. ९/४७९/४/०६/५०५३८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कपिलवस्तु, मिति : बि.सं. २०४९/०५/२४ भएका **ओम प्रकाश चौधरी कुर्मी ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/०८/०९, नयाँ पत्रिका दैनिक<br>**ऋणी :** रामेश्वर प्रसाद चौधरीको छोरी राम राज कुर्मीको बुहारी ओम प्रकाश चौधरी कुर्मी श्रीमती कपिलवस्तु जिल्ला साविक वीरपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ६ बस्ने नागरिकता नं. १८५४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कपिलवस्तु, मिति : बि.सं. २०५२/०८/१८ भएका **वासमती चौधरी ।** |
| १४. | १. कृष्ण बहादुर विष्टको नाति राम कृष्ण विष्टको छोरा ललितपुर जिल्ला ललितपुर नगर पञ्चायत वडा नं. १४ स्थायी घर भइ हाल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं.६७६९१ (जारी मिति: २०५१/०४/२४, स्थान ललितपुर) भएका **राधेश्याम विष्ट ।**<br>२. कृष्ण प्रसाद अधिकारीको छोरी, हरि कृष्ण विष्टको बुहारी सुदर्शन विष्टको श्रीमती मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. १० स्थायी घर भइ हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने ना.प्र.नं. ९९९ (जारी मिति: २०४४/११/१०, स्थान मकवानपुर) भएका **मन कुमारी अधिकारी ।** | **३५ दिने सुचना प्रकाशित मिति:** २०७९/१०/१६, नयाँ पत्रिका दैनिक<br>**ऋणी:** नर बहादुर विष्टको नाति हरि कृष्ण विष्टको छोरा मकवानपुर जिल्ला टिष्टुङ नगर/गाँउ पञ्चायत वडा नं. ५ स्थायी घर भइ हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं.२४९१ (जारी मिति: २०३९/०४/१५, स्थान मकवानपुर) भएका **सुदर्शन विष्ट ।** |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# स्वास्थ्य बीमा क्षेत्रमा पुनः विचार गरिनेछ : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्रकी केपी शर्मा ओलीले स्वास्थ्य बीमा क्षेत्रमा पुनःविचार गरिने बताएका छन् ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको ४३औं वार्षिकोत्वसका अवसरमा सोमबार आयोजित समारोहमा प्रधानमन्त्री ओलीले स्वास्थ्य बीमाका नाममा कतिपय अवस्थामा दुरुपयोग हुने गरेको पाइएको बताउँदै उनले औचित्य पुष्टि हुने गरी स्वास्थ्य बीमा कार्यक्रममा पुनरावलोकन गरिने जनाए । उनले निरोगी नेपाल अभियान र बिरामीलाई सही उपचार गराउने काममा थप सफलता हासिल गर्न त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताललाई आग्रह पनि गरे ।



नेपाली जनताको सेवा गर्ने मामिलामा सर्वोत्कृष्टता हासिल गरेको यस अस्पतालले दक्ष जनशक्ति उत्पादन, स्वाथ्य उपचार र स्वास्थ्य सेवाका क्षेत्रमा अस्पतालले अझै सफलता हासिल गर्दै जानुपर्नेमा जोड दिए ।

'मानिसहरु बिरामी भएपछि चिकित्सक, नर्स र अस्पतालप्रति विश्वास र आशा गर्छन् । अस्पताल पुगेपछि बिरामीले बाँच्छु भन्ने आशा राखेको हुन्छ । त्यो विश्वासलाई पूरा गर्नु तपाईंहरुको दायित्व हो', प्रधानमन्त्री ओलीले भने,'नर्सहरुको हातमा जादु हुन्छ । बिरामीलाई उपचार गर्न औषधिले मात्रै होइन, नर्सको मृदुभाषीपन र राम्रो व्यवहारले पनि बिरामीलाई निको पार्छन् । ठीक औषधि, ठीक मात्रामा र ठीक समयमा औषधि खान चिकित्सकले गर्ने सिफारिसका आधारमा औषधिलाई खुवाउने र स्याहार सुसार गर्ने काम नर्सहरुको हो ।'

कार्यक्रममा प्रधानमन्त्री ओलीले अस्पतालको विस्तार सेवा भवन निर्माणमा सहयोग गर्ने भाटभटेनी सुपर मार्केटका प्रबन्ध निर्देशक मीनबहादुर गुरुङलाई सम्मान प्रदान गरेका थिए ।

अस्पतालको वार्षिकोत्सवका अवसरमा सोमबार सो नयाँ सेवा भवनको प्रधानमन्त्री ओलीबाट उद्घाटन भएको थियो ।

भाटभटेनी सुपर मार्केटको सहयोगमा निर्मित सो भवन शिक्षण अस्पतालको ४३औं वर्ष प्रवेशका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले सो भवनको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा ओलीले नेपाल सरकारले निरोगी नेपालको नाराका साथ काम गरेकोले सकभर बिरामी नहुने गरी आहार, बिहार र आराममा ध्यान दिने र बिरामी भइहालेमा गुणस्तरीय र सुलभरुपमा सेवा दिनुपर्ने बताए । उनले दुःख गरेर धन कमाएर सामाजिक काममा दान गर्ने भाटभटेनीका संचालक मीनबहादुर गुरुङ र सावित्री गुरुङको प्रसंशा गरे ।

# घोडाघोडीमा घट्यो हरिहाँसको संख्या

**कैलाली/मस–** विश्व रामसार क्षेत्रमा सूचीकृत घोडाघोडी तालमा हरिहाँसको संख्या घटेको छ । यसपटक गर्मीयामको गणनामा हरिहाँसको संख्या १२६ रहेको नेपाल पक्षी संरक्षण संघका फिल्ड अधिकृत हिरुलाल डगौराले जानकारी दिए ।



अघिल्लो वर्षको तुलनामा यस वर्ष हरिहाँसको संख्या घटेको डगौराले बताए । अघिल्लो वर्ष हरिहाँसको संख्या २२५ रहेको थियो ।

डिभिजन वन कार्यालय पहलमानपुरको समन्वयमा नेपाल पक्षी संरक्षण संघ (बिसिएन) ले असार २४ देखि २६ गतेसम्म घोडाघोडीमा हरिहाँस गणना गरेको थियो । घोडाघोडीको सूचक प्रजाति रहेको हरिहाँसको संख्या र अवस्था अद्यावधिक गर्ने उद्देश्यले गणना गरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए ।

यो तालमा गर्मी र जाडो गरी वर्षमा दुईपटक हरिहाँसको गणना गरिन्छ । नेपालको पहिलो चरा अभय आरण्य क्षेत्र घोडाघोडीमा गर्मीयाममा ३ दिनसम्म हरिहाँसको गणना गरिएको हो । डगौराले यो बेला हरिहाँसको 'ब्रिडिङ सिजन' रहेकाले जाडोयामको भन्दा कम देखिने गरेको बताए । गर्मीयाममा घोडाघोडीका हरिहाँस ब्रिडिङका लागि विभिन्न सिमसार क्षेत्रमा पुग्ने गरेका छन् ।

'कैलालीको भजनी नगरपालिका-९ स्थित लौकाहाभौकाहा, घोरताल, सोनिया रुपियाँमा हरिहाँसले ब्रिडिङ गरेको पाइएको छ । जसका कारण गर्मीयाममा हरिहाँसको सङ्ख्या घट्ने गरेको छ,' फिल्ड अधिकृत डगौराले भने । उनका अनुसार जाडोयाममा भने सीमित क्षेत्रमा मात्र पानी रहने गरेका कारण बढी मात्रामा हरिहाँस देखिने गर्दछन् । प्राकृतिक बासस्थानको विनाश, मानवीय विभिन्न गतिविधि, कृषिमा विषादी प्रयोग हरिहाँसका लागि चुनौती रहेको छ । घोडाघोडी ताल तराईकै ठूलो सिमसार क्षेत्रका रूपमा रहेको छ । सन् २००३ मा घोडाघोडीलाई विश्व रामसार क्षेत्रमा सूचीकृत गरिएको हो । त्यति बेला हरिहाँसको संख्या १ हजार थियो ।

# कालीगण्डकीमा निःशुल्क स्वास्थ्य बीमा

**स्याङ्जा/मस–** स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले पालिकाभित्रका सबै नागरिकको निःशुल्क स्वास्थ्य बीमा गरिदिएको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा पालिकाभित्र रहेका चार हजार पाँच सय ४३ घरधुरीका नागरिकको निःशुल्क बीमावापतको रकम रु एक करोड ७२ लाख भुक्तानी गरेको छ ।



गाउँपालिकाभित्र बसोबास गर्ने पालिकाबासीको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्य राख्दै कालीगण्डकी गाउँपालिकाले पालिकाका सबै नागरिकको निःशुल्क स्वास्थ्य बीमा गरिदिएको हो । निःशुल्क स्वास्थ्य बीमा गरेसँगै पालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा १ करोड ७२ लाख ७२ हजार एक सय ५० स्याङ्जास्थित स्वास्थ्य बीमा कार्यालयमा भुक्तानी गरेको गाउँपालिकाका निःशुल्क बीमा कार्यक्रममा कार्यरत दुर्गा पाण्डेले जानकारी दिइन् ।

७ वटावडा रहेको कालीगण्डकी -१ मा सात सय ७२ घरधुरी, वडा नं २ मा सात सय २६ घरधुरी, वडा नं ३ मा पाँच सय ८३, वडा नं ४ मा छ सय ६८, वडा नं ५ मा छ सय ८०, वडा नं ६ मा पाँच सय ८८ र वडा नं ७ मा पाँच सय २६ गरी कूल चार हजार पाँच सय ४३ घरधुरीको निःशुल्क स्वास्थ्य बीमा गरिदिएको हो ।

गाउँपालिकाले पहिलो चरणमा एक हजार ६१७ घरधुरीको बीमावापत ६१ लाख ७७ हजार १५० भुक्तानी गरेको थियो । दोस्रो चरणमा दुई हजार एक सय ८३ घरधुरीका लागि ८२ लाख रु ७० हजार ५००, तेस्रो चरणमा तीन सय ९९ घरधुरीका लागि १४ लाख ९२ हजार ५० र चौंथो तथा अन्तिम चरणमा तीन सय ४४ घरधुरीको बीमावापत १३ लाख ३२ हजार चार सय ५० भुक्तानी गरेको छ । गाउँपालिकाका सात वटै वडाका चार हजार पाँच सय ४३ कूल घरधुरीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममार्फत समेटिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए ।

# उपचार अभावमा गर्भवतीको मृत्यु




**उदयपुर/मस–** समयमै उपचार नपाएर उदयपुरमा ७ महिनाकी गर्भवती महिलाको मृत्यु भएको छ ।

छारे (मिर्गी) रोगले बेहोस भएकी उनलाई तत्काल अस्पताल लैजानुको सट्टा झारफुकमा अल्झिँदा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय, उदयपुरका अनुसार त्रियुगा नगरपालिका-९, गौरुनकी ३० वर्षीया तारा गिरीको आइतबार साँझ मृत्यु भएको हो ।

'तत्काल अस्पताल पुऱ्याउनुको सट्टा परिवारका सदस्यले धामी बोलाएर झारफुक गर्न थालेका थिए,' प्रहरीका सूचना अधिकारी तथा डीएसपी केदारमान दोङले भने, 'लामो समयसम्म होस नफर्केपछि राति अस्पताल लगियो, तर चिकित्सकले उनलाई मृत घोषित गरे ।' मृतक गिरीका श्रीमान् वैदेशिक रोजगारीका सिलसिलामा विदेशमा छन् । घरमा ८ वर्षीय छोरा र वृद्ध सासू मात्र रहेको प्रहरीले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/३१**

**विरगन्ज सेराजेम प्रा. लि.** को मिति २०७४/०२/२० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिमुती ट्रेडर्स प्रा. लि. (प्रा. लि. नं. १६७९८४/०७३/०७४)** कायम गर्ने गरी मिति २०८४/०२/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Kapilvastu

## Invitation for Bids

***IFB No: - 11/RIDOKAP/081-82*** **Date of publication: 15th July 2025 (2082-03-31)**

1. Road Infrastructure Development Office, Kapilvastu invites **electronic bids only** from eligible bidders for following work**.** Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to **Road Infrastructure Development Office Kapilvastu**, E-mail: ridokapilvastu@gmail.com; Phone: 076-561142
2. Information to deposit the cost of bidding document in Bank:
   Name of Bank: Rastriya Banijya Bank Taulihawa Kapilvastu.
   Name of Office: Road Infrastructure Development Office, Kapilvastu
   Office Code No.: 3370149015
   Revenue Heading no.: 14229, Revenue Account Number: 1000100200010000
3. Bid Validity Period/Bid Security Validity Period (Days): 90/120
4. Last Date of Bid Submission: 15th Aug 2025

| S N | Works Description | Contract ID | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Average Annual Construction Turnover, NRs. |
|---|---|---|---|---|---|
| 1 | MRM Balaji Hotel Uttar Madhawa road, Shivraj -4 Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 123 | 5000 | 10,00,000 | 2,50,00,000 |
| 2 | Sasastra Prahari Bal Nepal no. 5 Brindabasini Bahini Pahuch tatha Parisar road, Shivraj -5 Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 124 | 5000 | 6,00,000 | 1,50,00,000 |
| 3 | Loharaula Ganeshpur Palta Hulaki road Dewangadhiya Dagarmarawa Derawa Dawara road, Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 125 | 5000 | 15,00,000 | 3,50,00,000 |
| 4 | Pulchowk dekhi Global Dairy hudai Khala road, Buddhabhumi -09 Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 126 | 5000 | 20,00,000 | 5,00,00,000 |
| 5 | Bangai Bhalwad Dohate road, Banganga 7 & 9 Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 127 | 5000 | 14,00,000 | 3,50,00,000 |
| 6 | Paschim Khairati Dumariya Baharbasi Bichawapur Chaudhahawa road Mayadevi -3 Kapilvastu | RIDOKAP / 10134 / NCB / 81-82 / 128 | 5000 | 14,00,000 | 3,50,00,000 |
| 7 | Construction of Hardasardihawa Suspension Bridge at Belnadi, connecting Buddhibhumi -10 and Maharajgunj -3 , Kapilvastu (Construction Trunkey Package) | RIDOKAP / 10134 / NCB / CTP / 81-82 / 128 | 5000 | 4,50,000 | 1,20,00,000 |

**कतारमा रोजगार** कम्पनीः **NOOTAZ TRADING SERVICES** शहर : Doha
पूर्व स्वीकृत मितिः २०८२/०३/३० चलानी नं.: ६०२४०९८९ L.T. No.: 327036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | सम्बन्धित काममा दक्ष | 2000 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1500 | ५६,३७० | | | | | | | |
| 3. | Dry Clean Worker | 0 | 7 | | 1100 | ४१,३३८ | | | | | | | |
| 4. | Foreman | 4 | 0 | | 2500 | ९३,९५० | | | | | | | |
| 5. | Labour | 4 | 0 | | 1100 | ४१,३३८ | | | | | | | |
